म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १९५ सोमबार, १२ फागुन २०८१ ने. सं. ११४५ सिल्लागा 24 February 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बुद्धिचाल महासंघमा हेटौंडाका धरम

हेटौंडा, ११ फागुन/नेपाल खेलकुद महासंघअन्तर्गतको राष्ट्रिय बुद्धिचाल महासंघमा हेटौंडाका धरमबहादुर लामा निर्वाचित भएका छन् । काठमाडौंमा शनिबार सम्पन्न संघको दोस्रो अधिवेशनबाट नेपाल बुद्धिचाल महासंघको महासचिव समेत रहेका लामा अध्यक्षमा निर्वाचित भएका हुन् । अधिवेशनबाट लामाको अध्यक्षतामा १९ सदस्यीय कार्यसमिति चयन भएको छ ।

संघको उपाध्यक्षमा जीतबहादुर केप्छाकी र किरण नापित छन् । सचिवमा सुमन जोशी, उपसचिवमा सुशील चौधरी र सन्तोष पौडेल तथा कोषाध्यक्षमा सुशीला गुरुङ निर्वाचित भएका छन् ।

यस्तै सदस्यहरुमा रमिला पोखरेल, मिशन बास्कोटा, पशुपतिनाथ योगी, पार्वती श्रेष्ठ, सुशील केसी, प्रकाश नेपाल, गगन शाही, भरत धिमाल, सजिन महर्जन, हरि होना, मनबहादुर कार्की र अमित चक्रधर निर्वाचित भएका छन् । अधिवेशनअघि नेपाल बुद्धिचाल महासंघका अध्यक्ष हेराकाजी महर्जनले सफलताको शुभकामना दिएका थिए ।

### हेटौंडा औद्योगिक क्षेत्रका ७ उद्योग बन्द

# बन्द उद्योगले २५५ रोपनी जमिन ओगट्यो

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ क्षेत्रफलको हिसाबले हेटौंडा औद्योगिक क्षेत्र देशकै ठुलो औद्योगिक क्षेत्र हो । २०२० सालमा अमेरिकी सरकारको सहयोगमा स्थापना भएका यो औद्योगिक क्षेत्रमा १ सय ४३ उद्योग सञ्चालनमा रहेका छन् । ७ वटा उद्योग बन्द अवस्थामा रहेका छन् । बन्द रहेका उद्योगले २ सय ५५ रोपनी जग्गा ओगटेका छन् ।

कोभिड-१९ महामारी तथा आर्थिक मन्दीको कारण देशको अन्यक्षेत्र जस्तै हेटौंडा औद्योगिक क्षेत्रका उद्योगहरु शिथिल भएका छन् । कतिपय उद्योग भने सरकारी ऐन, नियम, कानुनको कारण समस्या झेल्न बाध्य भएका छन् । बन्द भएका उद्योगलाई पत्राचार गरेर उद्योग सञ्चालनको वातावरण बनाउने, उद्योगीको गुनासो सुन्ने लगायत कार्य भइरहेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ ।




निर्माण सामग्रीका ८ वटा, प्याकेजिङ उद्योग ५ वटा, केमिकल तथा रंगरोगन उत्पादन उद्योग ११ वटा, इन्जिनियरिङ सेवा उद्योग १२ वटा, खाद्यान्न तथा पेयपदार्थ उत्पादन गर्ने उद्योग १४ वटा उद्योग रहेका छन् । ति उद्योगले पनि क्षमताको आधा हिस्सा मात्रै उत्पादन गरिरहेको औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जनाएको छ । विविध कारणले ति उद्योग उत्पादन क्षमता घटाएर काम गर्न बाध्य भएका छन् । औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगबाट प्रत्यक्ष रुपमा ४ हजार भन्दा बढीले रोजगारी पाएका छन् ।

औद्योगिक क्षेत्रमा अहिले १८ उद्योग निर्माणाधीन अवस्थामा छन् । सम्झौताअनुसार उद्योग सञ्चालन नगर्ने ५ वटा उद्योगसँगको सम्झौता रद्द गरिएको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयकी व्यवस्थापक संगीता कुँवरले जानकारी दिएकी छन् । ठुला लगानीकर्ताको मुख्य चासो उत्पादनमा भन्दा पनि वाणिज्यमा केन्द्रित भएको कारण उद्योग समस्यामा परेको छ । व्यवस्थापक कुँवरको अनुसार पछिल्लो समय औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको छ ।

उद्योग संघ मकवानपुरका पूर्वअध्यक्ष स्वागतराज प्याकुरेलले सरकारको काम उद्योग सञ्चालन गर्ने नभएको बताउँछन् । उद्योगमैत्री वातावरण निर्माण गरेर उद्योगीलाई प्रोत्साहन गर्नुपर्ने उनको बुझाई छ । 'सरकारले उद्योग सञ्चालनबाट हात झिक्नु पर्छ र उद्योग सञ्चालनको वातावरण बनाउनेतर्फ सरकारको काम केन्द्रित हुनुपर्छ' उनले भने । बन्द अवस्थामा रहेका सरकारी उद्योगलाई निजीक्षेत्रसँगको सहकार्यमा सञ्चालन गर्नुपर्ने उनको सुझाव छ ।

सरकार परिवर्तन भएपिच्छे औद्योगिक नीति परिवर्तन हुँदा पनि उद्योगलाई संकटको अवस्था देखापरेको उनले बताए । सरकारले दुरगामी महत्व राख्ने औद्योगिक नीति बनाउनुपर्ने उद्योगीको भनाई छ । देशकै मध्य भागमा रहेको हेटौंडा औद्योगिक क्षेत्रमा नयाँ उद्योग आउनेक्रम बढेको छ । तर, औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले नयाँ आउने उद्योगलाई सहज रुपमा जग्गा भने उपलब्ध गराउन सकेका छैन ।

हेटौंडा औद्योगिक क्षेत्रका उद्योगले वार्षिकरुपमा कच्चापदार्थको आयातमा लाग्ने भन्सार महशुल, उत्पादित बस्तु बिक्रीमा लाग्ने भ्याट, अन्तशुल्कलगायत शीर्षकमा वार्षिक १३ अर्ब रुपैयाँ राजश्व तिर्दै आएका छन् । यो साना करदाताको सूचीमा रहेका औद्योगिक प्रतिष्ठानको बिवरण भएको बताइएको छ । ठूला करदाताको सूचीमा रहेका करदाताले तिरेको राजश्व यसमा समाबेश नभएको उद्योग संघले जनाएको छ ।

हेटौंडा औद्योगिक क्षेत्रमा कम्पाउण्ड वाल निर्माण हुन नसक्दा निजीक्षेत्रको अर्बौं रुपैयाँको लगानी शान्तिसुरक्षाको दृष्टिले जोखिममा रहेको छ । अमेरिकी सरकारको सहयोगमा ६१ वर्षअघि निर्माण गरिएको औद्योगिक क्षेत्रको पर्खाल निर्माण हुन सकेको छैन । औद्योगिक क्षेत्रको बीचबाट मकवानपुरको पूर्बीक्षेत्रमा जाने सडकमा वर्षौंदेखि निर्वाध सवारी सञ्चालनमा छ । औद्योगिक क्षेत्रको छेवैमा रहेको राजमार्गमा दैनिक हजारौं सवारी साधन गुडिरहेका हुन्छन् ।

२५ मिटर सडक विस्तार अलमलको कारण हेटौंडामा रहेको औद्योगिक क्षेत्रमा निर्माण गरिने भनिएको वाल निर्माण अलमलमा परेको छ । औद्योगिक क्षेत्रमा रहेको उद्योगलाई सुरक्षा दिन औद्योगिक क्षेत्रको चारैतिर ६ किलोमिटर कम्पाउण्ड वाल लगाउनु जरुरी छ । उद्योगीले औद्योगिक क्षेत्रभित्रको सार्बजनिक बाटो बन्द गर्न माग गर्न भने छोडेका छैनन् । पूरानो ईतिहास बोकेको हेटौंडा औद्योगिक क्षेत्रमा रहेका १५ भन्दा बढी उद्योग पनि ऐतिहासिक नै छन् । जीर्ण भएका त्यस्ता भवन जुन धराप थापेझैं अवस्थामा छन् । हेटौंडा औद्योगिक क्षेत्रमा रहेका औद्योगिक प्रतिष्ठानमा सुरक्षाको सामान्य उपायहरु पनि अपनाईएको छैन ।

हेटौंडा औद्योगिक क्षेत्रको मध्यभागबाट निस्कने सडक कुनै राजमार्ग भन्दा कम व्यस्त छैन । विना रोकतोक सार्वजनिक सवारी निर्वाध आवत/जावत गर्ने कारणले असुरक्षा महशुस भएको छ । हेटौंडा औद्योगिक क्षेत्र एउटा खुल्ला गौचरण भन्दा माथी उठ्न नसकेको गुनासो लगानीकर्ताले गरिरहेका छन् । गर्मी मौसममा हावाहुरीसँगै आगलागी पनि हुन सक्छ । तर, यत्रो ठूलो औद्योगिक क्षेत्रमा एउटा पनि बारुणयन्त्र छैन । औद्योगिक क्षेत्रभित्र अत्याधुनिक बारुणयन्त्र हुनुपर्ने संघले जनाएको छ ।

चुरियामाईको जंगल र औद्योगिक क्षेत्रको सीमाना जोडिएको छ । आगलागी मात्र हेटौंडा औद्योगिक क्षेत्रको समस्या भने होइन । चुनौतीका चाङबाट गुज्रँदै गरेको औद्योगिक क्षेत्रमा सुधार नगर्ने हो भने हेटौंडामा लगानी भित्राउने सपना भाषणमा मात्र सीमित बन्ने लगानीकर्ताको आरोप छ ।

# हेटौंडा-फाखेल-फर्पिङ सडक २० दिन एकतर्फी हुने



साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ हेटौंडा र काठमाडौं जोड्ने छोटो दूरीको सडक हेटौंडा-फाखेल-फर्पिङ सडक स्तरोन्नतिका क्रममा शनिबारबाट २० दिनको लागि एकतर्फी गरिएको छ ।

हेटौंडा-फाखेल-हुमाने भञ्ज्याङ आयोजनाको मकवानपुर जिल्ला अन्तर्गत इन्द्रसरोवर गाउँपालिकाको कलंकीदेखि महालक्ष्मी खोलासम्म सडक ढलानका क्रममा यो सडक खण्डमा सवारीसाधनको आवागमन एकतर्फी गरिएको प्रदेश पूर्वाधार विकास कार्यालय, मकवानपुरले जनाएको छ । सडक ढलानका क्रममा सवारीसाधनको अत्यधिक चापका कारण निर्माणकार्य सहजरुपमा हुन नसकेका कारण एकतर्फी सञ्चालन गर्ने निर्णय गरिएको कार्यालयप्रमुख सुजन भण्डारीले जानकारी दिए ।

हेटौंडा-फाखेल-हुमाने सडकबाट हेटौंडा-काठमाडौं जाने गरी एकतर्फी चलाउनुपर्ने भएकाले आवश्यक समन्वय गरिदिन काठमाडौं र मकवानपुरको जिल्ला प्रशासन कार्यालयलाई आग्रह गरिएको उनले बताए । साथै यो क्षेत्र हुँदै हेटौंडा-काठमाडौं यात्रा गर्न हेभी-सिस्नेरी-दक्षिणकाली वैकल्पिक सडक उपलब्ध रहेको उनले बताए । यस्तै, महालक्ष्मी-चखेल-मातातीर्थ मार्ग स्तरोन्नतिका क्रममा गत आइतबार बाट डेढ महिनाका लागि बन्द गरिएको छ ।

मकवानपुरको ईन्द्रसरोवर गाउँपालिका-५ को वडाकार्यालयले आगामी चैतको २१ गतेसम्म यो सडक हुँदै सवारीसाधनको आवागमन बन्द रहने जनाएको छ । ईन्द्रसरोवर गाउँपालिका-५ को महालक्ष्मी दोभान-घट्टेखोला-चखेल हुँदै मातातीर्थ जोड्ने सडकअन्तर्गतको देउराली-मातातीर्थ खण्डको सडकको मोडहरुमा सडक ढलानको काम गर्नुपर्ने भएकाले यो सडक बन्द गरिएको ईन्द्रसरोवर गाउँपालिका वडा नं. ५ का वडाध्यक्ष दुतराज तितुङ्ले जानकारी दिएका छन् ।

यो सडक भएर चल्ने सवारीसाधनलाई वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गर्दै उनले महालक्ष्मी दोभान-घट्टेखोला-चखेल हुँदै मातातीर्थ जोड्ने सडकको मकवानपुरतर्फ पनि सडक स्तरोन्नतिको कार्य भइरहेको बताए । यस्तै हेटौंडा-काठमाडौं जोड्ने छोटो दूरीको मार्ग कुलेखानी-फाखेल-फर्पिङ सडकको मकवानपुर र काठमाडौंतर्फको भागमा पनि बागमती प्रदेश सरकारको लगानीमा सडक कालोपत्रेलगायत स्तरोन्नतिको कार्य भइरहेको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞कार वास भित्र/बाहिर
☞वायरिङ मर्मत
☞मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

# प्रदेश विश्वविद्यालय डीन नियुक्तिका लागि दरखास्त आह्वान

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ बागमती प्रदेश विश्वविद्यालयको डीन नियुक्तिका लागि दरखास्त आह्वान भएको छ । डीन सिफारिस समितिले आइतबार सार्वजनिक सूचना प्रकाशन गर्दै १५ दिनभित्र आवेदन पेस गर्न सकिने उल्लेख गरेको छ ।




इन्जिनियरिङ वा व्यवस्थापन विधाका योग्य उम्मेदवारले विश्वविद्यालय संरक्षक समिति ( बोर्ड अफ ट्रस्टी) को सचिवालय हेटौंडामा आवश्यक कागजातसहित निवेदन पेस गर्न सक्ने सूचनामा उल्लेख छ । प्रदेश उच्चशिक्षा ऐन, २०७८ तथा नियमावली, २०७९ संशोधनसहित प्रदेश विश्वविद्यालयको विधान २०८१ र बागमती प्रदेश विश्वविद्यालयको डीन सिफारिससम्बन्धी मापदण्ड २०८१ बागमती प्रदेश विश्वविद्यालयको बेवसाइट वा सामाजिक विकास मन्त्रालय बागमती प्रदेशको वेबसाइटबाट डाउनलोड गर्न सकिने सूचनामा उल्लेख छ ।

विश्वविद्यालयको अवधारणा सहितको व्यावसायिक कार्ययोजना (बढीमा ३,००० शब्दसम्म) र ५६ वर्ष ननाघेको व्यक्तिले आवेदन दिन सकिने छ ।

मान्यता प्राप्त विश्वविद्यालयबाट विद्यावारिधि गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र सोभन्दा माथिको शैक्षिक योग्यता भएमा सो बमोजिमका प्रमाणपत्रको प्रमाणित प्रतिलिपि सहित आवेदन दिनुपर्ने उल्लेख गरिएको छ ।

साथै उच्चशिक्षा प्रदायक संस्थामा काम गर्दा वा नेतृत्व तहमा वा व्यवस्थापन तहमा गरेको कार्य अनुभव र उपलब्धि स्पष्ट खुल्ने प्रमाणित विवरण पनि पेश गर्नुपर्ने सूचनामा उल्लेख गरिएको छ ।

# फास्ट ट्र्याकको काम २०८३ चैतभित्र सकिने नेपाली सेनाको दाबी

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/तराई मधेश-काठमाडौं द्रुतमार्ग (फास्ट ट्र्याक) को काम २०८३ चैतभित्रै सक्ने लक्ष्यका साथ काम भइरहेको नेपाली सेनाले दाबी गरेको छ ।

सेनाले द्रुतमार्ग निर्माणको कामलाई विशेष प्राथमिकतामा राखेर तदारुकताका साथ भइरहेको बताएको हो । सेनाको युद्धकार्य विभागका निर्देशक सहायकरथी रवीन्द्र खत्रीका अनुसार, हालसम्म द्रुतमार्गमा भौतिक प्रगति ३८ दशमलव २६ प्रतिशत भएको छ । सेनाले २०७४ वैशाख २१ मा फास्ट ट्र्याक निर्माण व्यवस्थापनको जिम्मा पाएको थियो । त्यसबेला २०८१ साउन ३० गतेभित्र निर्माण सम्पन्न गर्ने गरी सेनालाई जिम्मा दिइएपनि अहिले यो अवधि बढाएर २०८३ को चैत मसान्तसम्म सारिएको छ ।



तर, अहिलेको वित्तीय प्रगतिअनुसार, सेनाको लक्ष्य पूरा हुन चुनौती देखिन्छ । फास्ट ट्र्याक आयोजनाका प्रमुख उपरथी कमलविक्रम शाहले भने आयोजनाको सुरुवातमा जटिल कामहरु भइरहेकाले प्रतिशतमा बढी नदेखिएको बताए ।

'काम हुँदैगर्दा पछि प्रतिशत पनि ह्वात्तै बढेर जान्छ, हामीले तोकिएकै समयमा कार्य सम्पन्न गर्ने गरी काम गरिरहेका छौं', उनले थपे, '२०७४ वैशाखमा हामीलाई यो हस्तान्तरण भएपनि खास काम अन्तर्राष्ट्रिय परामर्शदाता नियुक्त गरेर २०७८ देखि मात्र सुरु भएकाले यसमा ढिलाइ भएको हो ।' उनले यो आयोजनालाई चाँडै प्रगति हाँसिल गर्न सेनाले दिनरात लगाएर प्रयास गरिरहेको दाबी गरेका छन् ।

प्रस्थानबिन्दु खोकना र अन्तिमबिन्दु निजगढ रहेको यस काठमाडौं-तराई/मधेस द्रुतमार्ग सडक आयोजनाको कुल लम्बाइ ७० दशमलव ९७७ किलोमिटर रहेको छ । काठमाडौं-निजगढ द्रुतमार्ग मुलुकको उच्चप्राथमिकतामा परेको राष्ट्रिय गौरवको आयोजना हो ।

आजका कलाकारहरु
☞ हेमन्त शर्मा
☞ प्रिति आले
☞ विश्व दोङ
☞ रवि रिमाल
☞ सपना रोक्का
साथमा
हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेन्थ पार्टनरः शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु
☞निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
☞बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
☞सूचना प्रविधि प्रदर्शनी ।
☞कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
☞दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
☞शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
☞मनोरञ्जनात्मक बाल उद्यान ।
☞नविनतम उपकरणहरुको प्रदर्शनी ।
☞ नयां/नौलो प्रविधिको प्रदर्शनी ।

साझाकुरा

## हाम्रो कुरा

# निजी क्षेत्रले धानेको सार्वजनिक यातायात

नेपालको सार्वजनिक यातायात साधनमा सरकारको लगानी शुन्य रहेको छ । सार्वजनिक यातायातका साधनमा पूर्ण रुपमा निजीक्षेत्रको लगानीले धानेको छ । घरबारी धितो बन्धकी राखेर निजी क्षेत्रले सडकमा गुडाएका सवारी साधनलाई राज्यको नीति र ब्यवहारले संरक्षण गर्न सकेको अवस्था छैन । नेपालमा सबैभन्दा धेरै यातायात ब्यवसायी सदस्य रहेको संस्था नारायणी यातायात ब्यवसायी संघले आगामी फागुन १७ गते शनिबार ३६ औं साधारणसभा गर्ने भएको छ । यसका लागि संघले पूर्वतयारी गरिरहेको छ । शनिबार बीर गंजका यातायात ब्यवसायीसँग छलफलका क्रममा संघका अध्यक्ष हीरालाल श्रेष्ठले भने संघको निर्वाचनमा पराजय पछि संघका पूर्वअध्यक्षहरुको एउटा समूहले आफूहरुलाई धेरै दुःख दिने काम गरेको बताएका छन् । यसअघि फागुनको ७ गते भरतपुरका ब्यवसायीसँग र ३ गते काठमाडौंका ब्यवसायीसँग छलफल गरिएको थियो । आजभन्दा ४५ वर्षअघि अग्रज ब्यवसायीबाट स्थापना भएको नारायणी यातायात व्यवसायी संघले विभिन्न किसिमका आरोह अवरोहको सामना गरेर अघि बढ्दै गर्दा देशकै सबैभन्दा ठूलो र अग्रणी संस्थाको रुपमा परिचय बनाएको छ ।

यातायात व्यवस्था विभागले सरोकारवालालाई पूर्णरुपमा वेवास्ता गरी 'यातायात व्यवस्थापन कार्यविधि निर्देशिका (संशोधित २०७४)' जारी गरेपछि २०७५ बैसाख ४ गते मन्त्रिस्तरीय निर्णयबाट संस्था दर्ता ऐन २०३४ अन्तर्गत स्थापित यातायात क्षेत्रका संघसंस्थालाई नवीकरण नगर्ने निर्णय गरेको थियो । साविक नारायणी यातायात व्यवसायी संघको पूर्ण बैठकले मिति २०७५/३/२२ गते संघको भगिनी संस्थाको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेको नारायणी संघ हेटौंडाले ब्यवसायीको समस्या समाधान गर्दै आएको थियो । २०७५ फागुन १९ गतेको राजपत्रमा प्रकाशित केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ अनुरुप नारायणी यातायात व्यवसायी संघको रुपान्तरित कम्पनीको रुपमा स्थापना भएको पुरानो नारायणी यातायात कम्पनी प्रालि दर्ता गरेर संघका नेतृत्वले ब्यवासयीका दुर्घटना, बीमा दायित्वलगायत विषयमा काम गर्न थालेको थियो । ढुवानी तथा तौलपुल बन्द गर्न सरकारी संयन्त्र नै लागी परेको थियो । सवारी दुर्घटनापश्चात घाइते तथा अङ्गभङ्गको औषधिउपचार, मृतकका पीडित परिवारतर्फ पुऱ्याउनु पर्ने सेवा, सवारीधनीलाई दुर्घटना पश्चात आइपर्ने समस्यामा सहकार्य, आफ्नो सवारी तथा तेस्रोपक्ष सवारी मर्मतमा सहयोगलगायत कार्य नारायणी संघ हेटौंडाबाट गरिएको थियो ।

नेपाल सरकारले यातायात क्षेत्रका संघसंस्थाको नवीकरण नगर्ने निर्णयसँगै संघको नवीकरण नभएपछि सरकारको निर्णयविरुद्ध नेपाल ट्रक यातायात व्यवसायी महासंघले सर्बोच्च अदालतमा मुद्दा दायर गरेको थियो । हेटौंडा-३ तीनताप्केस्थित राप्तीनदी छेउको खुलाचौरमा संघले १५ कठ्ठा जग्गा खरिद गरी तौलपुल, चालक रिफ्रेस सेन्टर निर्माण गर्ने तयारी गरिरहेको संघले बताएको छ । कर कार्यालयले संघलाई बारम्बार फुल अडिटमा राखेको थियो । २०७३/७४ भन्दा अघिका वर्षको विभिन्न शीर्षकको करको विषयमा झण्डै १ करोड ३५ लाख रुपैयाँको मुद्दा राजश्व न्यायाधीकरणमा रहेको छ । २०७४/७५ को हिसावमा बसको ट्रिपशुल्कमा भ्याट र अन्य शीर्षकमा कर गरेर ३ करोड रुपैयाँ भन्दा बढीको मुद्दा आन्तरिक राजश्व कार्यालय हेटौंडाले उठाएको संघले जनाएको छ । पछिल्ला ६ वर्षको कार्यकालमा संले खेप्नु परेको सबैखाले समस्याका बारेमा पनि साधारणसभामा सदस्यहरुलाई जानकारी गराइने बताइएको छ । संघले आगामी शनिबार साधारणसभामा संघका यातायात ब्यवसायी सदस्यको निशुल्क स्वास्थ्यपरीक्षणका लागि मेडिसिटी अस्पतालको बिशेषज्ञ चिकित्सक टोलीसँग सहकार्य गर्ने भएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०७६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ फागुन १३ गते मंगलबार २५ फेब्रुअरी २०२५ । द्वादशी, फागुन कृष्णपक्ष । सिल्लागा ११४५ ने.सं. । सूर्योदय ६:३४, सूर्यास्त ६:०१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अनावश्यक झंझट बृद्धि | तुला | : मित्रबर्गबाट धोका |
| वृष | : आरोप प्रत्यारोपको सामना | वृश्चिक | : सम्पत्ति सम्बन्धी विवाद |
| मिथुन | : ऋण नाश | धनु | : न्यायिक कार्यमा सफलता |
| कर्कट | : खर्च वृद्धि | मकर | : कार्यगत उतारचढाव |
| सिंह | : आफन्तबाट चिन्ता | कुम्भ | : आर्थिक सिद्धि |
| कन्या | : इष्ट सिद्धि | मीन | : कार्य सिद्धिमा विलम्ब |

# छोरीहरू बाँच्दैखेरि न्याय मागौं



गीता चिमोरिया

भारतको कलिंगा इन्स्टिच्युट अफ इन्डस्ट्रियल टेक्नोलोजी (केआईआईटी) विश्व विद्यालयमा नेपाली छात्रा प्रकृति लम्सालको मृत्युको घटनाले समाज तातेको छ । सार्वजनिक तथ्य अनुसार प्रकृतिले आफूमाथिको हिंसा सहन सकिनन् । दुर्व्यवहारबाट बाहिर निस्कन गरेको प्रयासलाई उनले जित्न सकिनन् बरू आत्महत्याको बाटो रोजिन् । भोगेको हिंसा र दुर्व्यवहारबारे कलेज प्रशासनलाई उनले जानकारी नदिएकी पनि हैनन् तर साथ र सहयोग पाइनन् । परिणाम अब प्रकृति हामीमाझ छैनन् ।

सिरहाको नवराजपुर गाउँपालिका १ भगवतीपुरमा १७ वर्षकी रिंकुकुमारी सदाय सामूहिक बलात्कारमा परिन् । माघ २६ गते राति शौच गर्न भनेर घर बाहिर निस्किएकी उनी २७ गते बिहान रोइरहेको अवस्थामा घर बाहिर भेटिएकी थिइन् । उनले आफूमाथि सामूहिक बलात्कार भएको परिवारलाई बताएकी थिइन् ।

रिंकुका अनुसार स्थानीय रूपेश मण्डल, टिंकु मण्डल र चन्दन साहेला घटनामा संलग्न थिए । घटनापछि पीडकलाई कारबाही र पीडितलाई न्याय त परको कुरा घटना दबाउन पञ्चायत बस्यो । केही रकम दिएर घटना सामसुम पार्न खोजियो । तर, पीडित पक्षले प्रस्ताव अस्वीकार गऱ्यो । माघ ३० गते राति रिंकु आफ्नै घरमा झुन्डिएको अवस्थामा फेला परिन् । रिंकुले आत्महत्या गरिन् वा हत्या गरियो ? प्रष्ट भइसकेको छैन ।

अहिले प्रकृतिको मृत्युपछि सामाजिक सञ्जालहरूमा जस्टिस फर प्रकृति ह्यास्ट्याग चलिरहेको छ । फेसबुक, एक्स, इन्स्टाग्राम, टिकटक जताततै उनको लागि न्याय माग्नेहरूको भीड छ । सांसदहरूले संसद्बाट प्रकृतिको न्यायको लागि आवाज उठाइरहेका छन् ।

हामीमध्ये धेरैले बिर्सिसक्यौं होला !

केही महिनाअघि छिमेकी देश भार तको पश्चिम बङ्गाल राज्यमा भएको आततायी घटनाले सिङ्गो भारत अशान्त बन्यो । भारत मात्रै होइन, सिङ्गै दक्षिणएशियामा त्यो क्रूर घटनाको चर्को विरोध भयो । छोरीहरूको सुर क्षाको माग गर्दै विभिन्न प्रदर्शन भए ।

पश्चिम बङ्गाल राज्यको कोलकाता स्थित आरजी कर मेडिकल कलेज अस्पतालमा ९ अगस्टको रात एकजना प्रशिक्षार्थी डाक्टर माथि बलात्कार र हत्याको घटना भयो । रातको सिफ्टमा ड्युटीमा रहेकी ३१ वर्षीया डाक्टर खाना खाएर आराम गर्न सेमिनार हलमा गएकी थिइन् । केहीबेर आराम गर्न गएकी उनी शरीरका विभिन्न भागमा गहिरो चोट लागेको अवस्थामा भोलिपल्ट मृत भेटिइन् । कार्यस्थलमा (त्यसमाथि अस्पताल जस्तो ठाउँमा) समेत सुरक्षित नभएका महिला अन्यत्र कहाँ सुरक्षित होलान् ? यस घटनापछि भारतमा यो प्रश्न चर्को रूपमा उठ्यो ।

बलात्कार र हत्याको घटनाको विरोधमा देशभरका डाक्टर आकस्मिक बाहेकका सेवा बन्द गरी सडकमा उत्रिए । महिला तथा किशोरीहरूले सुरक्षाको माग राख्दै विभिन्न आन्दोलन गरे । विद्यार्थीहरू आन्दोलनमा उत्रिए । आन्दोलनमा उनीहरूका परिवारले समेत साथ दिए ।

सामाजिक सञ्जाल प्रयोगकर्ताहरूले पीडकलाई कडाभन्दा कडा कारबाही र मृतक डाक्टरको न्यायको माग राख्दै अभियान छेडे । डाक्टरको न्यायको माग इन्टरनेटमा ट्रेन्डिङ बन्यो । सयौं नेपालीले पनि सामाजिक सञ्जाल मार्फत मृतक डाक्टरको न्यायको माग राख्दै ह्यास्ट्याग चलाए ।

भारतमा डाक्टरको बलात्कार र हत्याको घटना सेलाउन नपाउँदै अमेरिकामा एक जना नेपाली नर्स बेपत्ता भएको र आफ्नै श्रीमान्ले उनको हत्या गरेको हुनसक्ने खबर सार्वजनिक भयो । अमेरिकाको भर्जिनियामा (नेपाली नर्स) ममता काफ्ले बेपत्ता भएको लामो समयसम्म पनि फेला नपरेको र उनकै श्रीमान्ले हत्या गरी शव लुकाएको हुनसक्ने खबर आए । ममताको शव लुकाएको मुद्दामा उनका श्रीमान् नरेश भट्ट पक्राउ परे ।

ममताको मृत्युपछि उनको न्यायको लागि इन्टरनेटमा उसैगरी आवाज उठ्यो, जस्टिस फर ममता । ममताको न्यायको लागि फेसबुक, एक्स, इन्स्टाग्राम, युट्युब, टिकटक मार्फत मानिसहरूले आवाज उठाए ।

यी चारै घटनामा देखिएको साझा चरित्र भनेको जब किशोरी वा महिलाको हत्या वा मृत्यु हुन्छ, त्यसपछि न्यायको लागि चर्को रूपमा आवाज उठेको छ ।

केही घटनामा त बालिका वा किशोरीको हत्या/मृत्युपछि पनि न्यायका लागि आवाज उठेको छैन । पीडितको न्यायका लागि उठ्ने आवाजमै भएको विभेदबारे अर्को पटक चर्चा गरौंला ।

सञ्जालमै केही व्यक्तिले किशोरी तथा बालिकाले समयमै आफ्नो परिवार वा साथीभाइलाई आफ्नो समस्या बताएको भए यस्तो दुःखद् घटना हुँदैनथ्यो कि ? भन्ने आशयका विचारहरू समेत व्यक्त गरिरहेका छन् ।

मेरो मनमा भने केही प्रश्नहरू छन्, के छोरीहरूले बाँच्दैखेरि सुनाएको पीडा हामीले सुनेका छौं ? उनीहरूले भोगेको दुर्व्यवहारलाई हामीले गम्भीरताका साथ लिएका छौं ? उनीहरूमाथि भएको हिंसा विरुद्ध हामी बोलेका छौं ? छोरीहरू बाँच्दैखेरि उनीहरूको न्यायका लागि हामीले आवाज उठाएका छौं ?

के प्रकृति लम्सालले आफूमाथि भएको दुर्व्यवहारबारे कलेज प्रशासनसँगै आफ्ना साथीभाइ र आफन्तलाई पनि भनेको भए हामी अहिले जस्तै जस्टिस फर प्रकृति ह्यास्ट्याग चलाउँथ्यौं ? उनलाई दुर्व्यवहार गर्नेलाई कडा कारबाहीको लागि पहल गर्थ्यौं ? कि हामी उनलाई नैतिकता पढाउन थाल्थ्यौं ? भारतमा उनलाई उनका बुवाआमाले कति दुःखले पढ्न पठाएका थिए भन्ने सम्झाउन थाल्थ्यौं ? वा उनलाई चरित्रको ज्ञान बाँड्न थाल्थ्यौं ?

पीडकलाई कारबाहीका लागि प्रहरी र कलेज प्रशासनलाई दबाब दिएर हामी प्रकृतिलाई साथ दिन्थ्यौं कि उनका बारेमा बाहिर आएका अडियो इन्टरनेटमा दौडाउन थाल्थ्यौं ? के हामी साँच्चै उनको पीडालाई संवेदनशील रूपमा लिन्थ्यौं ? एकपटक आफैंलाई सोधौं त, प्रकृतिले बाँच्दैखेरि हामी उनको पीडा सुन्थ्यौं ?

हिंसा भोगेका छोरीहरूले बाँच्दैखेरि सुनाएका पीडा हामीले सुनेका छौं ? कि उनीहरूलाई नैतिकता र चरित्रको पाठ पढाएर बस्ने गरेका छौं ?

रिंकुले आफूमाथि भएको सामूहिक बलात्कारको पीडा सुनाउँदा हामीले गम्भीरताका साथ लिएर पीडकलाई कारबाहीको प्रक्रिया समयमै अगाडि बढाउन सकेको भए शायद आज उनी जीवित हुन्थिन् । रिंकुको 'हत्यारा' ती बलात्कारी मात्रै होइनन्, संरक्षण गर्न बसेको पञ्चायत पनि हो । त्योभन्दा बढी पीडकलाई संरक्षण गर्नुपर्ने मनोविज्ञान बोकेको समाज हो ।

हत्यारा ती स्थानीय जनप्रतिनिधि हुन्, जसले आफ्नो गाउँमा भएको यो कुकृत्य ढाकछोप गर्न खोजे, समयमै प्रहरीलाई खबर र न्यायका लागि पहल गरेनन् ।

रिंकुको हत्यारा हाम्रो स्थानीय प्रहरी प्रशासन हो, जसले पाँच दिनसम्म पनि गाउँमै भएको यो घटना थाहा पाएन वा पाएर पनि नपाए जस्तो गऱ्यो र जीवन बाँच्न सघाउन सकेन । बलात्कार जस्तो जघन्य अपराधको घटनामा पीडितलाई बाँच्नै नसक्ने बनाउने समाज हत्यारा हो ।

केही वर्षअघि कञ्चनपुरकी बालिका निर्मला पन्तको न्यायको लागि पनि यसरी नै माग भएको थियो । कञ्चनपुरको भीमदत्त नगर पालिकाकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारपछि हत्या भएको थियो । घटना भएको ६ वर्ष बितिसक्दा समेत घटनामा संलग्न व्यक्ति अझै पक्राउ पर्न सकेको छैन ।

कञ्चनपुर घटनामा निर्मला पन्त बाँचेको भए उनका लागि न्याय माग्ने भन्दा उनलाई नैतिकता र चरित्रको पाठ पढाउनेहरूको भीड बढी हुन्थ्यो शायद । छोरीमान्छे भएपछि के गर्न हुन्छ, के गर्न हुँदैन, कहाँ जाने, कहाँ नजाने, के गर्ने, के नगर्ने, कसरी बोल्ने, कोसँग मात्रै बोल्ने, कोसँग हिंड्ने, कुन बाटो हिंड्ने, कति बजे हिंड्ने, कति बजे नहिंड्ने... आदि ।

ममता काफ्लेले बाँच्दैखेरि आफूले भोगेको हिंसा साझा गरेर श्रीमान्सँग बस्न नसक्ने कुरा बताएको भए उनका लागि न्याय माग्नेहरू धेरै हुनेथिए कि, घर सम्हाल्न र परिवारको इज्जत राखिदिन छोरीहरूले गर्नुपर्ने त्यागका बारेमा उनलाई पाठ पढाउने धेरै हुनेथिए ?

पक्कै पनि उनलाई पाठ पढाउनेको भीड नै ठूलो हुनेथियो । समाजले परिवार जोगाइदिने, घर सम्हाल्दिने र इज्जत धानिदिने जिम्मा छोरीहरूलाई जो सुम्पिएको छ ।

केही समय अगाडि मात्रै एक जना कथित सेलिब्रेटी खेलाडी जोडिएको घटनामा पीडित बालिकाले भोग्नुपरेको धम्की, उनलाई आएको प्रलोभन र दबाबबारे नजिकबाट बुझेपछि, उनको विक्षिप्त मानसिक अवस्था बुझेर म आफैं कैयौं दिनसम्म मेन्टल्ली डिस्टर्ब भएँ । उसले आफूलाई माफी गरिदिन निरन्तर ती बालिकालाई फकाइरहेको थियो ।

प्रलोभन देखाउँथ्यो र कहिलेकाहीं डर समेत देखाइरहेको थियो । खेल नियम र अनुशासन तोडेर हिंडेको खेलाडी अदालतको नियम समेत तोडेर बालिकालाई मेसेज गरेर फकाउने र डर देखाउने गरिरहेको थियो । तर , सामाजिक सञ्जालमा भने आफू निर्दोष रहेको भन्दै लामा-लामा स्टाटस लेखिरहेको थियो ।

पीडकको 'फ्यान/फलोअर्स'बाट आउने धम्कीका कारण पीडित बालिकाले डरैडरमा बाँच्नुपऱ्यो । आफ्नो अनुहार छोपेर, परिचय लुकाएर हिंड्नुपऱ्यो । आफूमाथि भएको हिंसाको घटनामा न्यायका लागि लड्ने साहस गरेकी उनले पीडकमैत्री अदालत र पीडितलाई थप यातना दिने समाजका कारण आजित भएर हार मानिन् ।

र, यो देशै छोड्ने अवस्थामा पुगिन् । न्याय सहितको जीवन बाँच्न चाहेकी 'गौशाला २६' लाई यो समाजले बाँच्नै नसक्ने अवस्थामा पुऱ्याइदियो । गौशाला २६ ले पीडकसँग मात्र लडाइँ लडिनन्, सिंगो समाजसँग संघर्ष गरिन् । उनले बलात्कार आरोपितलाई फूलमाला पहिऱ्याउने राष्ट्रपतिसँग लडाइँ लडिन् । आरोपितलाई सम्मान गर्ने प्रधानमन्त्रीसँग लडिन् । प्रमाणले घेरिएका पीडितलाई ससम्मान सफाइ दिने न्यायमूर्तिसँगै पौंठेजोरी खेलिन् ।

सबैभन्दा ठूलो संघर्ष त न्याय प्रणालीलाई ऐना देखाइएको एकथान निवेदनका आधारमा गम्भीर फौजदारी अभियोगमा माथिल्लो अदालतमा नजाने गरी निर्णय गरिदिने न्यायिक मनसँग गरिन् । किशोरावस्थामा उनले झेलेको मानसिक दबाब र उल्झन यो समाजको बहीखातामा शायदै अट्दैन ।

केही वर्षअघि एक जना गायिकालाई सोही क्षेत्रका पुरुषले बलात्कार गरेको घटना सार्वजनिक भयो । त्यो मुद्दा अदालतसम्म पुग्यो । समाज दुई कित्तामा बाँडियो, पीडितको पक्षमा न्याय माग्नेहरूको आवाज मसिनो थियो । उनलाई चरित्र पढाउने, तथानाम गाली गर्ने, ब्लेम गर्ने र थप हिंसा गर्नेहरूको भीड ठूलो थियो ।

लामो संघर्षपछि उनले आफूलाई पुरानै अवस्थामा फर्काउने कोसिस गरिन् र आफ्नो कामलाई निरन्तरता दिन थालिन् । अझै पनि सञ्जालहरूमा उनलाई जथाभावी कमेन्टहरू भेटिन्छन् ।

समाज द्वैध चरित्रको छ । हिंसामा परेर बाँचेका छोरीहरूलाई जलिल गर्छ । बाँच्नै नसक्ने बनाइदिन्छ । अनि मरेका छोरीहरूको नाममा आँसु बगाउँछ र उनीहरूको लागि न्याय माग्छ । छोरीहरूले मरिसकेपछि पाउने न्याय के हो ? छोरी भएकै कारण यो समाजमा बाँच्न नपाउनु, यो नै सबैभन्दा ठूलो अन्याय होइन र ?

के समाज साँच्चै छोरीहरू बाँचून् भन्ने चाहन्छ ? समाज साँच्चै छोरीहरू बाँचून् भन्ने चाहन्छ भने किन उनीहरू बाँच्दैखेरि न्याय माग्दैन ? हिंसामा परेका छोरीहरूको पीडा किन सुन्दैन र उनीहरूलाई थप हिंसा गर्न तम्सिन्छ ? समाज ३० वर्षको पुरूषसँग नैतिक चरित्रको प्रश्न गर्दैन तर, १५ वर्षीया बालिकाको चरित्रमा प्रश्न उठाउँछ ।

जब हरेक पटक महिला वा बालिका आफूमाथि भएको हिंसाको घटनामा न्यायको लागि प्रहरीकोमा पुग्छन्, उनीहरूलाई आउने दबाब, पीडकलाई माफी दिन आउने फोनहरू सम्झिंदा आत्तिन्छु । अदालतसम्म पुग्न उनीहरूले कति संघर्ष गर्नुपऱ्यो होला भन्ने कुराले पीडा महसुस हुन्छ । अझ यौन हिंसाका घटनामा पीडितलाई नै गरिने ब्लेम र चरित्रमा उठाइने प्रश्नले न्यायको प्रक्रियामा आधा बाटोबाटै फिर्ता हुने बालिकाहरूको अवस्था डरलाग्दो छ । उनीहरू यो समाजमा बाँच्न पनि नसक्ने अवस्थामा पुगिरहेका छन् ।

झन् कुनै एलिट फ्यामिलीको मान्छे पीडक होस्, कुनै एउटा क्षेत्रमा नाम कमाएको होस्, पीडितले भोग्नुपर्ने दबाब, प्रलोभन, थ्रेट र उनलाई होस्टाइल गराउने हर्कत सम्झेर अत्यास लाग्छ ।

नेपाल प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष २०८०/८१ मा २५ सय भन्दा धेरै महिला तथा बालिकामाथि बलात्कारको घटना भएको छ । झन्डै ५०० बलात्कार प्रयासका घटना भएका छन् । यी प्रहरीमा दर्ता भएका घटना मात्रै हुन् । प्रहरीसम्म आउनै नसकेका, आउन नपाएका, आउन नदिइएका, दबाबमा मिलाइएका, सामसुम पारिएका घटनाको तथ्यांक कति होला ?

महिला तथा बालिकाहरूमाथि भएका हिंसाका घटनामा दुईवटा अवस्था देखिएको छ । कुनै घटनामा छोरीहरू बाँच्दैखेरि हामीले उनीहरूका लागि आवाज उठाउन सक्ने समय हुन्छ । तर, कतिपय घटनामा हामीले घटना थाहा पाउने बेलासम्म महिला तथा बालिकाको मृत्यु भइसकेको हुन्छ ।

हिंसामा परेर बाँचेका छोरीहरूको लागि समय छँदै आवाज उठाउनु र उनीहरूलाई यो समाजमा बस्न सक्ने, बाँच्न सक्ने बनाउनु नै उनीहरूको लागि सही अर्थमा न्याय हो । हामी साँच्चै छोरीहरू बाँचुन् भन्ने चाहन्छौं भने, हिंसामा परेर बाँचेका छोरीहरूका लागि उनीहरू बाँच्दैखेरि न्यायको लागि आवाज उठाऔं । हिंसा विरुद्ध बोल्न छोरीहरूको मृत्यु कुरेर नबसौं ।

*(साभार: अनलाइनखबर)*

# 'म भ्रष्टाचारीको मुख हेर्दिन' अभिव्यक्तिमै सीमित

धर्मराज भट्टराई

मुलुकको समग्र विकासको मुख्य बाधकका रुपमा भ्रष्टाचारलाई लिने गरिएको छ । यसै बीच मुलुकका सरकार प्रमुखले बारम्बार 'म भ्रष्टाचारीको मुख हेर्दिन' भनेको सुन्दा धेरैलाई अब केही फरक हुन्छ कि भन्ने आशा जागेको थियो । प्रधानमन्त्री केपी ओलीले विभिन्न सार्वजनिक कार्यक्रमहरुमा 'म भ्रष्टाचार गर्दिन, अरूलाई पनि गर्न दिन्न, भ्रष्टाचारीको मुख हेर्दिन, मुलुकमा सुशासन कायम गर्छु' जस्ता अभिव्यक्ति दिंदै आउनुभएको छ । तथापि, भर्खरै सार्वजनिक एक तथ्यांकले भने यसलाई गलत साबित गरिदिएको छ ।

विश्वव्यापीरुपमा भ्रष्टाचारको अवस्था मूल्यांकन गर्ने ट्रान्सपरेन्सी इन्टरनेसनल (टीआई) ले भर्खरै सार्वजनिक गरेको २०२४ को भ्रष्टाचार अवधारणा सूचकांक (सीपीआई) को तथ्यांकले नेपालमा भ्रष्टाचार व्याप्त रहेको देखाएको छ । टीआईले सार्वजनिक गरेको सन् २०२४ को सीपीआईका अनुसार नेपालले गतवर्षभन्दा एक अंकले खस्किएर १०० मा ३४ अंक मात्र प्राप्त गरेको छ । कुल १८० मुलुकमध्ये नेपाल १०७ औं स्थानमा परेको छ । यसभन्दा अघि सीपीआई २०२३ मा नेपाल ३५ अंकसहित १०८ औं स्थानमा थियो । विगत लामो समयदेखि मुलुक भ्रष्टाचारको जालोबाट उम्किन सकेको छैन । करिब तीन दशकअघिदेखि नै मुलुकमा भ्रष्टाचारका विभिन्न काण्डहरु चर्चामा छन् । लाउडा काण्ड, धमिजा काण्ड, चेज एयर काण्ड, एयरबस काण्ड, सुडान घोटाला काण्ड, वाइडबडी खरिद काण्ड हुँदै अहिले सुनिएका शरणार्थी काण्ड, सुनकाण्ड, सहकारी काण्ड, गिरिबन्धु काण्डहरु केही प्रतिनिधि उदाहरण बनेका छन् ।

यी भ्रष्टाचारका काण्डहरुमा पूर्वप्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री, मुख्य सचिव, पूर्वसचिव, सहसचिवहरूदेखि आफूलाई विशिष्ट भन्न मन पराउने नेता तथा कार्यकर्ता, व्यापारी एवम् उद्योगपतिहरुसमेत मुछिएका छन् । यिनीहरुमध्ये कतिपय प्रधानमन्त्री निकट व्यक्तिहरु पनि पर्ने गरेका छन् । यसै कारण कतिपयले प्रधानमन्त्रीले दायाँ-बायाँ भ्रष्टहरुलाई नै राखेर भ्रष्टाचारीको मुख हेर्दिन भनेको आरोपसमेत लगाएका छन् । भ्रष्ट र आचरण गरी दुईवटा शब्दको समायोजनबाट भ्रष्टाचार भन्ने शब्द बनेको छ । छोटकरीमा भन्दा भ्रष्ट आचरण नै भ्रष्टाचार हो । तर कानुनीरुपले व्याख्या गर्दा सबै भ्रष्ट आचरणहरुलाई भ्रष्टाचार भन्न सकिँदैन । यस्ता-यस्ता आचरण अथवा कार्य गर्न हुँदैन र त्यस्ता आचरण तथा कार्यहरु गरेको अवस्थामा यस्तो सजाय हुन्छ भनी कानुनले तोकेको कार्य वा आचरण गर्नु नै भ्रष्टाचार हो ।

समग्रमा आफूलाई सुम्पिएको आधिकार वा शक्तिलाई आफ्नो स्वार्थ र व्यक्तिगत हितका लागि दुरुपयोग गर्ने कार्य नै भ्रष्टाचार हो । भ्रष्टाचार रहेसम्म सुशासनको परिकल्पना गर्न सकिँदैन । तसर्थ भ्रष्टाचारलाई सुशासनको बाधक तत्व वा शत्रुको रुपमा लिइन्छ । सुशासनले अंगिकर गरेका विभिन्न विषयहरुमध्ये जवाफदेहिता, पारदर्शिता र जनसहभागिता हुन् । त्यसमध्ये पनि सुशासन कायम गर्न पारदर्शितालाई अपरिहार्य तत्वको रुपमा स्वीकार गरिन्छ । विकास र सुशासन एक-अर्काका परिपूरक विषय हुन् । यसर्थ, सुशासनविना विकासको कल्पना गर्न सकिँदैन । सरकार भ्रष्टाचारविरुद्ध कडारुपमा प्रस्तुत भएको नेतृत्वपङ्क्तिको दाबी भए पनि यसको गति भने दिनप्रतिदिन बढ्दो क्रममा छ । अनियमितता, सरकारी स्रोत-साधन दोहन अनि अख्तियारिको दुरुपयोग गरेका हजारौं उजुरीहरु बर्सेनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पर्ने गरेका छन् ।

यस्ता उजुरीहरुको संख्यामा दिनप्रतिदिन उच्च दरमा वृद्धि भएको देखिन्छ । आव २०६२/६३ मा ४ हजार ३ सय २४ उजुरी परेको आयोगमा २०८०/८१ मा विभिन्न माध्यमबाट २६ हजार ९ सय १८ वटा उजुरीहरु दर्ता भएका छन् । यसै गरी अघिल्लो वर्षबाट जिम्मेवारी सरी आएका ९ हजार २ सय ६८ गरी २०८०-८१ मा जम्मा ३६ हजार १ सय ८६ उजुरी अख्तियारको अनुसन्धानमा परेको जनाइएको छ । यसबाट सजिलै अनुमान लगाउन सकिन्छ कि नेपालमा भ्रष्टाचारजन्य अपराधका घटनाहरुमा कमी आएको छैन । तर अख्तियारको विवरणअनुसार आयोगमा परेका उजुरीमध्ये विस्तृत अनुसन्धानमा लगेर कारबाही गरिएको हिस्सा भने कम देखिएको छ । यस अवधिमा कुल उजुरीमध्ये ७६.५९ प्रतिशत उजुरी अर्थात् २७ हजार ७ सय १४ मात्र स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट फछ्र्यौट भएका छन् । यसै गरी अख्तियारबाट अदालतमा मुद्दा दायर भएको विवरण फैसलासम्म आइपुग्दा अभियुक्त अर्थात् आरोपितको पक्षमा फैसला हुने ग्राफ पनि बढ्दो क्रममा देखिन्छ । यसले पनि सुशासन प्रवर्द्धनलाई गम्भीर असर पुगेको देखिन्छ ।

अख्तियारमा सबैभन्दा बढी उजुरी संघीय मामिला र स्थानीय तहसँग सम्बन्धित छन् । कुल उजुरीमा स्थानीय तह र संघीय मामिलासँग सम्बन्धितको हिस्सा मात्रै ३८.९१ प्रतिशत छ । यसै गरी शिक्षाका १५.७९ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जनका ६.९८ प्रतिशत, भूमि प्रशासनका ६.४९ प्रतिशत, भौतिक पूर्वाधार र यातायातका ३.६१ प्रतिशत, गृह प्रशासनका ३.५२ प्रतिशत, अर्थका २.१३ र बाँकी अन्य विषयका उजुरी छन् । आयोगले गएको आवमा १४ सय ९७ व्यक्ति र ४८ संस्थाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको जनाएको छ ।

*बाँकी पृष्ठ-३....*

# सडकदेखि सदनमा पुग्यो मुक्कुमलुङको आवाज




काठमाडौं/ताप्लेजुङको पाथीभरा (मुक्कुमलुङ) क्षेत्रमा बन्न लागेको केबुलकार विषयले यतिबेला पूर्वी क्षेत्रमात्रै होइन, अन्यत्र पनि बहस सिर्जना गर्न थालेको छ । केबुलकार ताप्लेजुङको पाथीभरा (मुक्कमुलुङ) क्षेत्रमा बन्दै छ । तर, राजधानी काठमाडौंसँगै देशभरिका सरोकारवाला पक्ष विपक्षमा विभाजित भएका छन् । पाथीभरामा केबलकार बनाउने विषयमा ठीक एक महिनाअघि ११ माघमा ताप्लेजुङको फुङलिङ नगरपालिका-११ मा भएको 'नो केबलकार समूह' र सुरक्षाकर्मीबीच झडप भएको थियो ।

झडपमा दुवै पक्षका गरी ३ जना गम्भीर घाइते भएका थिए । त्यसयता आन्दोलनरत पक्ष र सरकार पक्षबीच विभिन्न चरणमा वार्ता तथा छलफल भए पनि निष्कर्षमा पुग्न सकेको छैन । आन्दोलन चर्किँदै जान थालेपछि 'नो केबलकार समूह' र सरकारबीच पहिलो पटक २२ माघमा वार्ता भएको थियो । उक्त वार्तामा ताप्लेजुङको मुक्कुम्लुङ (पाथीभरा) मा निर्माणाधीन केबुलकारको माथिल्लो स्टेसनको निर्माण कार्य तत्कालका लागि स्थगित गर्ने सहित विभिन्न ६ बुँदे सहमति भएको थियो ।

२७ माघमा पुन: उच्चस्तरीय विस्तृत वार्ता बस्ने सहमतिसँगै आन्दोलनरत पक्षले तत्कालका लागि आन्दोलनका कार्यक्रम फिर्ता लिएका थिए । २७ माघमा दुवै पक्षबीच दोस्रो चरणको वार्ता बस्यो । त्यतिञ्जेलसम्मका लागि आन्दोलन केही मत्थर भएको थियो । तर, २७ माघमा वार्तामा सरकारले सहमतिबमोजिम उच्चस्तरीय राजनीतिक वार्ता समिति नबनाएको भन्दै वार्ता बाँडियो । आन्दोलनरत पक्षले २८ माघसम्मको समयसीमा तोकेर उच्चस्तरीय राजनीतिक वार्ता टोली गठन नगरे आन्दोलनका थप कार्यक्रम ल्याउने घोषणा गऱ्यो ।

त्यतिञ्जेलसम्म पाथीभरा केबुलकार योजनाले राजनीतिक रूप लिइसकेको थियो । यता 'नो केबुलकार समूह' ले आन्दोलनका कार्यक्रम घोषणा गर्दा अर्कोतिर पक्षधर टोलीले पनि 'यस् केबुलकार समूह' गठन गरेर योजना अघि बढाउन दबाबका कार्यक्रम गर्न थालिसकेको थियो । नो केबलकार समूहले गृह मन्त्रालयका सहसचिव प्रेमप्रसाद भट्टराईको संयोजकत्वमा तोकिएको वार्ता समितिसँग नबस्ने बरु विषय 'राजनीतिक' भएकाले गृहमन्त्री वा उच्च राजनीतिक वार्ता टोलीसँग मात्रै आफूहरू वार्तामा बस्ने आन्दोलनरत पक्षले बताउँदै गर्दा अर्को पक्षले गृहमन्त्रीसँग तय भइसकेको सूचना सम्प्रेषण गरेका थिए ।

६ फागुनमा मात्रै केबुलकार निर्माण पक्षधरले पाथीभरा क्षेत्रमा सकेसम्म छिटो केबुलकार बनाउनुपर्ने मागसहित 'सद्भाव ऱ्याली' निकालेका थिए । जिल्ला सदरमुकाम फुङलिङमा ऱ्याली निकाल्दै उनीहरूले ताप्लेजुङबासीले पाथीभरा देवी दर्शन गर्न स्वदेश तथा विदेशबाट आउने हजारौं-लाखौं तीर्थयात्रीको सहज आवागमनका लागि केबुलकार निर्माण चाँडै सक्नुपर्ने माग गरेका थिए । बिहीबार मात्रै नो केबुलकार समूहले प्रदर्शन गर्दै निर्माण स्थलमै प्रवेश गर्न थालेपछि प्रहरीले हस्तक्षेप गरेको थियो । त्यसमा १२ सुरक्षाकर्मी र एक जना प्रदर्शनकारी घाइते भएका थिए । विवादले अझै चर्को रूप लिन थालेपछि ९ फागुनमा प्रदेश प्रहरी कार्यालय कोशीका प्रहरी वरिष्ठ उपरीक्षकको नेतृत्वमा टोली खटिएको थियो ।

केबुलकार बनाउने र नबनाउने, निजी क्षेत्र र सरकार बीचको यो अन्तरद्वन्द्व एक महिना बित्न लाग्दासमेत साम्य हुन सकेको छैन । बरु चर्किँदै गएर यो विषय अदालतदेखि संसद्सम्म पुगेको छ । शनिबार दुई पक्षीय झडप भएपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको छ । आइतबारदेखि लागू हुने गरी जिल्ला सुरक्षा समितिको बैठकले फुङलिङको बजार क्षेत्र र काफ्लेपाटीको बल्लुडाँडा क्षेत्रमा अनिश्चितकालीन निषेधाज्ञा जारी गरेको हो ।

आइतबारको संसद्मा समेत सांसदहरू पाथीभरा क्षेत्रको केबुलकारबारे पक्षविपक्षमा बाँडिए । नेकपा एमालेका सांसद योगेश भट्टराईले ताप्लेजुङको पाथीभरामा निर्माण हुन लागेको केबुलकारका कारण भइरहेको विवादबारे संसद्बाट ध्यानाकर्षण गराए । प्रतिनिधिसभामा सांसद भट्टराईले नेपालको कानुन अनुसार नै निजी क्षेत्रलाई अनुमति दिएको पृष्ठभूमि बिर्सन नहुने बताए । 'ताप्लेजुङमा केबुलकार निर्माणको विषयलाई लिएर विवाद र बहस चलिरहेको छ । केही दिनदेखि ताप्लेजुङमा दु:खद घटना घटिरहेको छ,' भट्टराईले भने, 'नेपालको ऐन कानुनको व्यवस्था अनुसार नै निजी क्षेत्रलाई अनुमति दिएको हामीले बिर्सनु हुँदैन । त्यस आधारमा नै निजी क्षेत्रले केबुलकारको काम अगाडि बढाएको हो ।'

भट्टराईले विरोध गर्ने अधिकार सबैलाई भए पनि त्यसको पनि शैली हुने जिकिर गरेका थिए । 'त्यसमा विरोध गर्ने अधिकार सबैलाई हुन्छ । तर विरोधका सीमा हुन्छ । सभ्य र शान्तिपूर्ण ढंगले विरोधका शैलीलाई अघि बढाउनुपर्छ भन्ने मान्यता हो,' उनले भने । त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले समेत पाथीभरामा केबुलकार निर्माण कार्य रोक्न माग गरे । अहिले चर्किएको विवाद साम्य गर्न पनि त्यहाँ केबुलकार निर्माण कार्य रोक्नुपर्ने राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनको सुझाव थियो ।

वार्तामार्फत समस्या समाधान गर्नका लागि उनले सरकारलाई आग्रह गरे । 'किन मन्त्रीस्तरको वार्ताका लागि पनि सरकार तयार छैन ? किन भाइ-भाइ लडाइराखेको छ ?,' उनले सरकारलाई प्रश्न गरे, 'मान्छे मरेपछि मात्रै वार्ता गर्ने हो ? अरू कुरा गर्ने हो ?' मुक्कुमलुङ केबुकारका विषयले सदन तातिरहेका बेला सडकमा समेत प्रदर्शन भयो । पाथीभरा ( मुक्कुमलुङ) मा निर्माणाधीन केबुलकारको विरोधमा काठमाडौं माइतीघर मण्डलामा प्रदर्शन भएको छ । मुक्कुमलुङ ताङ्सेप चुम्मी र मुक्कुजुङ संरक्षण अन्तरदलीय संघर्ष समितिले विरोध कार्यक्रम गरेको हो । पाथीभरामा स्थानीयको सहमतिविनै केबुलकार बनाउन लागिएको विरोधमा उत्रिएका स्थानीयलाई धरपकड गरिएको आरोप लगाउँदै उनीहरूले प्रदर्शन गरेका हुन् । उनीहरूले शनिबार राति प्रहरीले गरेको धरपकडको समेत निन्दा गरे । उनीहरूले आदिवासी भूमिमा व्यापारिक चलखेल हुन नदिएर धार्मिक एवं सामाजिक सहिष्णुता कायम गर्न ध्यान दिनसमेत आग्रह गरे । तर, सरकारले जबर्जस्ती गर्न खोजे आफूहरूले पनि विद्रोह गर्ने उनीहरूले चेतावनी दिएका थिए । उनीहरुले ताप्लेजुङमा लागू गरिएको निषेधाज्ञा हटाएर वार्ताबाट समस्या समाधान गर्नसमेत आग्रह गरेका छन् ।

विरोध कार्यक्रममा गोविन्द छन्त्यालले व्यापारीका अगाडि राज्य निरीह बनेको र राज्य आतंक फैलाएको आरोप लगाए । उनले मुक्कमुलुङ क्षेत्रबाट केबुलकार बनाउने निर्णयबाट पछि नहटेसम्म आफूहरूले पनि आन्दोलन जारी राख्ने बताए । त्यस्तै, आंकाजी शेर्पाले केबुलकार निर्माणको विरोधमा उत्रिएका स्थानीयमाथि दमन गर्नेलाई बर्खास्त गर्नुपर्ने माग राखे । आदिवासी जनजाति महिला महासंघ उपाध्यक्ष कल्पना भट्टचनले शनिबार त्यहाँ सीडीओ र सुरक्षाकर्मीले स्थानीयमाथि पशुजन्य व्यवहार गरेको आरोप लगाइन् । उनले प्राकृतिक स्रोत मास्दै पछिल्लो समय उनीहरूको आस्था केन्द्रमाथि पनि व्यापारीको नजर परेको बताइन् ।

'राज्यले जनजातिलाई हेर्ने नजर नै गलत छ । त्यसमाथि हाम्रो अधिकार पनि खोसिँदै गएको छ', उनले भनिन्, 'पहिले हामीले सदियौंदेखि बचाउँदै आएको वनजंगल खोसियो । अहिले धार्मिक स्थल पनि खोसिँदैछ ।' नेपाल मगर संघका कार्यवाहक अध्यक्ष गंगाबहादुर थापा मगरले राज्य निरंकुश बन्दै गएको बताए । उनले मुक्कुमलुङ किरातीको मात्रै नभएर देशकै पहिचान भएकाले संरक्षण गर्नु राज्यको दायित्व भएको सुनाए ।

*(स्रोत: अनलाइनखबर)*

# सेन्सर पास भयो 'लाज शरणम्', रिलिजका लागि बाटो खुल्यो



काठमाडौं/चर्चित हास्य टेलिसिरियल 'सक्किगोनि' समूहको पहिलो फिचर फिल्म 'लाज शरणम्' सेन्सर पास भएको छ । केन्द्रीय चलचित्र जाँच समिति (सेन्सर बोर्ड)ले फिल्मलाई सबैले हेर्न मिल्ने गरी युनिभर्सल सर्टिफिकेट दिएको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा शुक्रबार फिल्मको जाँच भएको थियो । केही प्राविधिक कारणले गर्दा बोर्डले आइतबार निर्मातालाई सर्टिफिकेट प्रदान गरेको हो ।

फिल्म सेन्सर पास भएसँगै प्रदर्शनका लागि बाटो खुलेको छ । अब यही महाशिवरात्रि अर्थात् फागुन १४ गतेबाट फिल्म प्रदर्शनमा आउनेछ । फागुन ६ गते उच्च अदालत पाटनले केन्द्रीय चलचित्र जाँच समितिले प्रदर्शन अनुमति नदिँदासम्म 'लाज शरणम्'को प्रचार प्रसार नगर्न र नगराउन अन्तरिम आदेश दिएको थियो । जसले गर्दा फिल्मको रिलिज नै अन्योल बनेको थियो ।

जेलमा रहेका पूर्वमन्त्री मोहम्मद आफ्ताब आलमले वारेस मार्फत फिल्ममा आफ्नो अनुहारसँग मिल्ने मुखाकृति, पहिरन, जीउडाल, कपाल मिलाई शैली, हाउभाउ र लवज अनुमतिबिना प्रयोग गरिएको भन्दै अदालतमा मुद्दा दायर गरेका थिए । त्यसैको आधारमा अदालतले सेन्सरअघि फिल्मको प्रचारप्रसार नगर्न आदेश दिएपछि फिल्मको भविष्य सेन्सर बोर्डको हातमा थियो । अन्तत: बोर्डबाट फिल्मले प्रदर्शनको अनुमति पाएको छ ।

कुमार कट्टेलको निर्देशनमा तयार भएको 'लाज शरणम्'मा सितारामसहित विजय बराल, अर्जुन घिमिरे, मुकुन्द श्रेष्ठ, महेश त्रिपाठी, विजय बराल, अर्पण थापा, सागर लम्साल, हरिष निरौला, कमलमणि नेपाललगायतको अभिनय छ । सेन्सर पास भएसँगै आइतबार दिउँसो ट्रेलर सार्वजनिक गर्ने तयारीमा निर्माण टिम रहेको छ । फिल्मको दुईवटा प्रमोसनल गीत भने सार्वजनिक भइसकेका छन् ।

# 'कल्ली'को छायांकन सुरु, नाजिर र वर्षा श्रीमान्-श्रीमती



काठमाडौं/निर्माण घोषणाको सात महिनापछि फिल्म 'कल्ली'को छायांकन सुरु गरिएको छ । आइतबार काठमाडौंको बौद्धस्थित एक घरबाट फिल्म खिच्न थालिएको हो । फिल्मका लागि पहिलो सट उत्तम प्रधान, नाजिर हुसेन र वर्षा राउतले दिएका थिए । यसमा नाजिर र वर्षा श्रीमान्-श्रीमतीको भूमिकामा देखिँदैछन् । ३५ दिनको सेड्युलमा फिल्मको छायांकन काठमाडौंपछि जुम्ला जिल्लामा हुनेछ ।

लक्ष्मण सुनारले निर्देशनको जिम्मेवारी सम्हालेको फिल्ममा सौगात मल्ल, अर्पण थापा, बेनिशा हमाल, विनोद न्यौपाने, रेयर राई, प्रियना आचार्य, गीता अधिकारी, कुलदिप अधिकारी, बेगम नेपाली लगायतको पनि अभिनय रहनेछ । फिल्मको घोषणा हुँदा मुख्य भूमिकामा अभिनेता पल शाह थिए । पछि उनलाई हटाएर निर्माताले सौगातलाई लिएका हुन् ।

लेकाली इन्टरटेन्मेन्ट र कस्तूरी प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको फिल्ममा हिमाल कडरिया र अमलादेवी राईको लगानी छ । फिल्मको प्रस्तुतकर्ता किरण नेपाली हुन् । महेश दवाडीको लेखन रहेको फिल्ममा सरोज नेपाली कार्यकारी निर्माताको रुपमा छन् । निसाल पौडेलले फिल्मको छायांकन गरिरहेका छन् ।

१३ वर्षपछि फिल्ममा कमब्याक गरेका उत्तम प्रधानले कथावस्तु र चरित्र मन परेपछि 'कल्ली'मा जोडिएको बताए । उनले भने, 'यो फिल्मको कथावस्तु मलाई एकदमै मनपऱ्यो । मैले यसअघि गरेका फिल्मको भन्दा निकै भिन्न भूमिका रहेकाले पनि काम गर्न तयार भएँ । मलाई यो बीचमा थुप्रै फिल्मबाट अभिनयको प्रस्ताव आएको थियो । तर, भूमिका चित्त नबुझेका कारण काम गरेको थिइनँ ।'

# म भ्रष्टाचारीको...

यस अवधिमा २ सय १ मुद्दामा संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी तथा कर्मचारी, ठेकेदार, बिचौलियालगायतलाई प्रतिवादी बनाउँदै साढे ८ अर्ब रुपियाँ बिगो मागदाबीसहित विशेष अदालतमा मुद्दा चलाएको छ । सबैभन्दा बढी भ्रष्टाचार मुद्दा गैरकानुनी लाभहानिसँग सम्बन्धित देखिएका छन् । यसमा राष्ट्रसेवक कर्मचारीहरुसमेत अगाडि देखिएका छन् । अख्तियारले गएको आर्थिक वर्षमा ५ सय २० कर्मचारी विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ । त्यसमा मुख्यसचिव वैकुण्ठ अर्यालसहित विशिष्ट श्रेणीका ६, सहसचिव वा सोसरहका ३०, उपसचिवसरहका ८२, शाखा अधिकृत सरहका २ सय २ र त्यसभन्दा मुनि सहायकस्तरका २ सय कर्मचारी परेका छन् । यस्तै, १ सय ६ निर्वाचित जनप्रतिनिधि र १ सय ४८ मनोनीत पदाधिकारीविरुद्ध भ्रष्टाचार मुद्दा चलेको छ । सार्वजनिक पद धारण सहित राजनीतिक नियुक्ति पाएका ३२ जना, सार्वजनिक ओहदाबाहिर रहेका संघसंस्था र बिचौलिया तथा लेखापढी व्यवसायीको हैसियतमा रहेका ७ सय ३९ जनाविरुद्ध पनि मुद्दा चलाइएको छ । भ्रष्टाचार मुद्दा लागेकामा ७८ स्थानीय तहका जनप्रतिनिधि पनि छन् । मुलुकका राष्ट्रसेवक एवम् जनप्रतिनिधिहरु नै भ्रष्ट मानसिकताका देखिनुले सर्वसाधारण जनतामा थप निराशा छाएको छ ।

विश्वव्यापीरूपमा आर्थिक रूपले कम विकसित देशहरूलाई हेर्दा भ्रष्टाचार एउटा जटिल समस्याको रुपमा देखा परेको छ । यसको नियन्त्रण गर्नका लागि मुलुकहरुले सम्भव भएसम्मका नीति तथा कानुनहरुसमेत निर्माण गरेर आगाडि बढेका देखिन्छन् । नेपालमा पनि सार्वजनिक पद धारण गरेको व्यक्तिले भ्रष्टाचार गरेको सम्बन्धमा अनुसन्धान गर्ने संवैधानिक निकायका रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना गरिएको छ । तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ र ९८ को व्यवस्थाबाट स्वतन्त्र एवं स्वायत्त संवैधानिक आयोगको मान्यता प्राप्त यो आयोगलाई हालको नेपालको संविधानले पनि भ्रष्टाचार नियन्त्रणमा केन्द्रित भई कार्य गर्ने गरी काम, कर्तव्य र अधिकार प्रदान गरेको छ ।

संविधानको मर्मअनुसार आयोगले दण्डात्मक, निरोधात्मक, प्रवर्द्धनात्मक र संस्थागत क्षमता विकासका रणनीतिहरूलाई अंगीकार गरी कार्यसम्पादन गर्दै आएको जनाए पनि अपेक्षित परिणाम भने दिन सकेको छैन । भ्रष्टाचार नियन्त्रण गरी सुशासनमा योगदान दिन आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८, भ्रष्टाचार निवारण ऐन २०५९, अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली २०५९ एवम् अन्य प्रचलित कानुनी व्यवस्थाहरु अवलम्बन गर्दै आएको छ । भ्रष्टाचार जुनसुकै माध्यमबाट पनि भएको पाइन्छ । आर्थिक, नैतिक, सामाजिक, नीतिगत । हाम्रो परि प्रेक्ष्यमा भन्ने हो भने सबैभन्दा बढी घातक नीतिगत भ्रष्टाचार नै रहेको छ । नीतिगत भ्रष्टाचार अँध्यारो कोठामा गरिने कालो निर्णय भएको जानकारहरू बताउँछन् ।

यो पहुँच हुनेहरूले नीतिगत निर्णयको आडमा अप्रत्यक्ष स्वार्थ समूहसँग सम्बन्ध स्थापित गरी गर्ने निर्णय हो । यसमा नीतिगत निर्णय अधिकारप्राप्त व्यक्तिले अवैधानिक ढंगले लाभ र फाइदाका लागि दुरुपयोग गर्ने गर्छन् । नीतिगत भ्रष्टाचार प्राय: ऐन, कानुन, नियमावली बनाउँदा हुने गरेको छ । यो शक्ति, स्रोत र तजबिजको दुरुपयोग हो । यसले राजनीतिक, प्रशासनिक र संस्थागतरूपमा नकारात्मक प्रभाव पार्छ । नीतिगत भ्रष्टाचारका कारण लोकतन्त्र र सुशासनमाथि हमला हुने, सेवाप्रवाहको प्रभावकारिता नहुने, संस्थागत क्षमता र स्मृतिमा ह्रास हुने, निर्णयको आधारभूत सिद्धान्त छायामा पर्ने हुन्छ । यसको चपेटामा हाम्रो मुलुक पनि परेको छ । मुलुकमा नीतिगत मात्र नभई वित्तीय लगायतका आर्थिक अनुशासनहीनता व्यापक बन्दै गएको कुरालाई लेखा समितिले सार्वजनिक गरेको सरकारी संयन्त्रमा भएको १२ खर्बभन्दा माथिको बेरुजुको तथ्यांकले पुष्टि गरेको छ ।

सुशासन कायम गर्नका लागि मुलुकमा व्याप्त भ्रष्टाचारको जालोलाई तोड्नुपर्ने आवश्यकता छ । प्रधानमन्त्रीको अभिव्यक्तिले मात्र यसको निराकरण हुन सक्दैन । यसका लागि जिम्मेवार व्यक्तिहरुमा रहेको भ्रष्ट आचरण जरैदेखि निर्मूल पार्नुपर्ने जरुरी हुन्छ । राज्यको नेतृत्व तहबाटै यसमा गम्भीर हुनु जरुरी छ । 'म भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्न' भन्ने नारालाई व्यवहारमा उतार्नुपर्ने आवश्यकता छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ र भ्रष्टाचार निवारण ऐन २०५९ ले निजी तथा गैरसरकारी क्षेत्रहरूमा हुने भ्रष्टाचार तथा आर्थिक अनियमिततालाई समेटेको पाइँदैन । नेपालमा सार्वजनिक निकायमा ४० प्रतिशत र अन्य क्षेत्रमा ६० प्रतिशत भ्रष्टाचार हुने गरेको छ भन्ने अध्ययनहरूले देखाएका छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# 'फेरि रेशम फिलिली'मा कमेडीसँगै ड्रामा पनि छ : निर्देशक महर्जन

काठमाडौं/२०७२ सालमा प्रदर्शन भएको फिल्म थियो, 'रेशम फिलिली' । यसमा समावेश 'जालमा' गीत त्यतिबेला अत्याधिक लोकप्रिय बनेको थियो ।

यही गीतका कारण फिल्मको ओपनिङ पनि सानदार रह्यो । तर, प्रदर्शनको भोलिपल्ट अर्थात् बैशाख १२ गते विनाशकारी भूकम्प जाँदा फिल्मको रिलिज नै रोकिन पुगेको थियो । अब यही फिल्मको ९ वर्षपछि सिक्वेल आउँदैछ, 'फेरि रेशम फिलिली' ।

यो फिल्मलाई निरोज महर्जनले निर्देशन गरेका हुन् । 'रेशम फिलिली'लाई भने प्रणव जोशीले निर्देशन गरेका थिए । यो फिल्म बन्दा निरोज निर्माण प्रक्रियामा संलग्न थिए । कहिले निर्देशक जोशीलाई असिस्ट गरिराको हुन्थे त कहिले मुख्य अभिनेता विनय श्रेष्ठको डायलग लेखिरहेका हुन्थे । त्यसमा उनले एउटा सानो भूमिकामा अभिनय समेत गरेका छन् ।

'फेरि रेशम फिलिली' निर्देशनको हिसाबले निरोजको पहिलो फिल्म हो । नाम चलिसकेको फिल्मको सिक्वेलबाट डेब्यु गर्दा राम्रो हुन्छ भन्ने भएपछि उनी निर्देशनमा होमिएका रहेछन् । भन्छन्, 'मलाई फिल्म गर्नु थियो । एउटा चलिसकेको नाम भएकाले मलाई डेब्युका लागि यो नै राम्रो हुन्छ जस्तो लाग्यो । र, यसको कथा पूर्ण रुपमा मेरो हो । मलाई भन्न मन लागेको कथा हो । फिलिलीको दुनियाँमा मिलेको कथा भएर पनि निर्देशन गरेँ ।'

निरोज 'फेरि रेशम फिलिली'ले सिक्वेलको रुपमा दर्शकलाई धोका नदिने दाबी गर्छन् । 'यो फिल्मले दर्शकलाई वाचा गर्ने भनेको हाँसोको भरपुर मनोरञ्जन हो । फिल्मका दुई पात्र छन्, रेशम र हरिया । हरियाले रेशमलाई आफ्नो बचपना हर्कतले हरदम समस्यामा पारिरहन्छ । यही कुराले कथालाई कमेडीको उचाइमा लैजाँदै दर्शकलाई मनोरञ्जनको खुराक पस्किन्छ,' उनले भने ।

निरोज पहिलेको जस्तै सिक्वेलले पनि दर्शकलाई हँसाउनेमा विश्वस्त छन् । तर, फिल्ममा कमेडी मात्र नरहेको उनको भनाइ छ । 'यसमा जुन कथा छ, त्यसले सन्देश पनि दिन्छ । कमेडीको साथमा ड्रामा पनि छ,' उनी भन्छन्, 'म त यसलाई अझ कमेडी-ड्रामा भन्न रुचाउँछु । निश्चित रुपमा पहिलोभन्दा कथाको हिसाबले यो अझ राम्रो र फरक छ ।'

फिल्मका दुई पात्र रेशम र हरियाको मित्रताको माध्यमबाट दर्शकलाई मनोरञ्जन दिँदै नेपाली समाजमा विकसित मुलुक जानेलाई रोमान्टिसाइज गर्ने र खाडी मलेसियामा जानेप्रति राखिने इत्तर दृष्टिकोणको कथा फिल्मले भन्ने निर्देशक महर्जनको भनाइ छ । उनी फिल्मलाई रेशम र हरिया पात्रको मित्रताको 'नोस्टालजिया'मा भनिएको फरक परिवेशको कथा भन्न रुचाउँछन् । 'फेरि रेशम फिलिली' ड्रामामा केन्द्रित रहेको र यसमा कन्टेन्ट बलियो बनाइएको निरोजको दाबी छ ।

'फिल्ममा कमेडी त छँदैछ तर विषयका हिसाबले हेर्ने हो भने यो बढी बलियो छ,' उनी अगाडि भन्छन्, 'यो फिल्मलाई लिएर म ढुक्क छु । लेख्दा जुन दुनियाँको कल्पना मैले गरेको थिएँ, त्यो पर्दामा मुखरित भएको छ ।'

# तुलसी घिमिरे विरामी भएपछि रोकिएको 'पहाड'को छायांकन पुन: सुरु

काठमाडौं/निर्देशक तुलसी घिमिरेलाई निमोनिया भएपछि मुहूर्तको दिन केही दृश्य खिचेपछि रोकिएको फिल्म 'पहाड'को छायांकन पुन: सुरु भएको छ । निर्देशक घिमिरेले आफ्नो स्वास्थ्य अनुकूल भएपछि शुक्रबारदेखि पूर्वनिर्धारित तालिका अनुसार गोरखामा छायांकन भइरहेको जानकारी दिए । उनी विरामी भएपछि छायांकनका लागि गोरखा पुगेको फिल्मको टिम काठमाडौं फर्किएको थियो ।

'पहाड'बाट निर्देशक घिमिरेले आफ्नी कान्छी छोरी पञ्चमीलाई अभिनेत्रीको रुपमा डेब्यु गराएका छन् । यसमा पञ्चमीको जोडी अभिनेता अरुण क्षेत्रीसँग बाँधिएको छ । फिल्ममा मदनकृष्ण श्रेष्ठ, विपिन कार्की, सुनिल थापा, रेनुनाथ योगी, रवीन्द्रसिंह बानियाँ, सलोना बज्राचार्य लगायतले पनि अभिनय गरिरहेका छन् । यसमा विपिनको जोडी बनेर रेनुनाथ देखिँदैछिन् ।

युवा जनशक्ति विदेश पलायन हुँदा रितिँदै गएको पहाडी भूगोल र यसले ल्याउने सामाजिक तथा आर्थिक समस्यालाई फिल्मले कथावस्तु बनाएको निर्देशक घिमिरेले बताए । अहिलेको समाजको तीतो यथार्थलाई फिल्ममार्फत दर्शकसमक्ष पुऱ्याउन लागिएको उनको भनाइ छ । उनले भने, 'फिल्मले हाम्रो दायित्व र देशको आवश्यकतालाई चित्रण गर्छ ।'

ओजस्वी केसी निर्माता रहेको फिल्मलाई प्रमोद प्रधानले छायांकन गरिरहेका छन् । भारतमा फिल्म, वेब सिरिज तथा टेलिफिल्म छायांकन गरिसकेका छायाँकार प्रधानले यसअघि निर्देशक घिमिरेसँग 'अन्याय', 'कोसेली', 'चिनो' र 'दक्षिणा'मा सहकार्य गरेका थिए । उनी तीस वर्षपछि नेपाली फिल्म छायांकन गर्न नेपाल आएका हुन् ।

गोर्खा आसपासमा २५ दिन र भारतमा १५ दिन छायांकन हुने फिल्ममा रिम्पोछे लामा थिङ्ग र सुरेश लामा थिङ्ग सह-निर्मातामा छन् । भाग्यरत्न फिल्म्सको ब्यानरमा निर्माण भइरहेको फिल्मको गीतमा रञ्जित गजमेरले सङ्गीत दिएका छन् । क्रिएटिभ निर्देशकमा भारती घिमिरे छिन् । निर्देशक घिमिरेकी जेठी छोरी भावना घिमिरेले फिल्ममा प्रोडक्सन डिजाइनरको जिम्मेवारी सम्हालेकी छिन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**


*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट अलग गर्न माग राख्दै हस्ताक्षर संकलन




साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अलग गरी पूर्णसरकारी अस्पतालकै रुपमा राख्न माग गर्दै हस्ताक्षर संकलन अभियान सुरु भएको छ ।

हेटौंडा अस्पताल बचाउ तथा सुधार अभियानले आइतबार देखि अस्पताल परिसरमा नागरिक हस्ताक्षर अभियान सुरु गरिएको हो । हेटौडा अस्पताल बचाउ तथा सुधार अभियानका संयोजक विशालराज महतले हेटौंडा अस्पताल जोगाउन आफूहरु विगतका दिनदेखि नै अभियानमा लागेको बताएका छन् । हस्ताक्षर अभियान एक सातासम्म सञ्चालन हुने बताइएको छ ।

हेटौंडा अस्पताल र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा अलग स्थानमा अलग पहिचान सहितको आमजनताको पहूँचमा स्वास्थ्यसेवा प्रवाह गर्नुपर्ने, हेटौंडा अस्पतालको ६६ वर्षदेखिको सेवा इतिहासलाई कायम राख्न, संविधानप्रदत्त सेवाप्राप्त गर्न पाउने मौलिकहकको कार्यान्वयन गराउन, स्वास्थ्यसेवा अन्तर्गतका संरचना विवाद रहित रुपमा संचालन गर्न, हेटौंडा अस्पतालको स्वामित्व प्रतिष्ठानमा जाने गरी निर्माण गरिएको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ खारेज हुनुपर्ने लगायत विषयमा सरोकारवाला निकायलाई दबाब दिने उद्देश्यले नागरिक हस्ताक्षर अभियान चलाइएको हो ।

# सप्ताह ज्ञानमहायज्ञमा आईतवारसम्म १० लाख संकलन

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ शान्तिटोल टोल विकास संस्था हेटौंडा-६ शान्तिटोलद्वारा आयोजित श्रीमद्भागवत सप्ताह ज्ञानमहायज्ञमा आईतवारसम्म १० लाख रुपैयाँ भन्दा बढी रकम संकलन भएको छ ।

सप्ताहमा हेटौंडा-६ निवासी पूर्णभद्र चौलागाई र रन्जिता चौलागाईले ५५ हजार ५५५, विनोद तायल हेटौंडाबाट ५१ हजार, र क्षादेवी टोलविकास संस्था हेटौंडा-६ बाट ३४ हजार, नेपाली कांग्रेस बागमती प्रदेशसभापति एवम् प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँबाट २५ हजार, आशिक आवारा समूह ललितपुरबाट २५ हजार ५ सय, हेटौंडा-६ घर भै हाल फिनल्यान्ड निवासी सोमप्रसाद चौलागाईबाट १५ हजार ५ सय, भुलभुले टोल विकास संस्था, हेटौंडा-६ बाट १५ हजार, हेटौंडा-६ निवासी साधुराम चौलागाईबाट १२ हजार ५ सय र गोविन्दप्रसाद सुवेदीबाट १२ हजार ५ सय प्राप्त भएको छ ।

यसैगरी हेटौंडा-१७ का वडासदस्य नवराज न्यौपानेबाट १२ हजार ३ सय, सरस्वती पुडासैनी हेटौंडा-६ बाट ११ हजार, तारानाथ खतिवडाबाट ११ हजार, फतबहादुर पाठकबाट ११ हजार, बिमल पुडासैनीबाट ११ हजार, बासुदेव अधिकारीबाट ११ हजार, विपिन तिमल्सिनाबाट ११ हजार, गीताकुमारी चौलागाईबाट ११ हजार रकम प्राप्त भएको आर्थिक समिति संयोजक उद्धवप्रसाद गौतमले बताए ।

हेटौंडा-६ मा रहेको विपी गणेशमान स्मृति शान्तिपार्कमा राधाकृष्ण मन्दिर र ज्येष्ठनागरिक मिलनकेन्द्र बनाउने पवित्र उद्देश्यका साथ लगाइएको सप्ताह ज्ञानमहायज्ञ १५ गतेसम्म सञ्चालन हुने संयोजक केशव धितालले बताए । युवा पण्डित बद्रीविशाल शास्त्री ढुंगाना र निर्जल पौडेल उपवाचकबाट सुमधुर संगीतकासाथ दैनिक प्रवचन भैरहेको छ । प्रवचन श्रवणको लागि उपस्थित भईदिन आयोजक समितिले अनुरोध गरेको छ ।

# इन्टरनेशनल वुमन्स च्याम्पियनसिपमा नेपाल र म्यानमारको बराबरी




काठमाडौं, ११ फागुन/ काठमाडौंमा जारी चार राष्ट्र सम्मिलित इन्टरनेशनल वुमन्स च्याम्पियनसिप अन्तर्गत समूह चरणको अन्तिम खेलमा नेपालले म्यानमारसँग बराबरी खेलेको छ ।

दशरथ रंगशालामा सम्पन्न खेल २-२ गोलको बराबरीमा सकिएको हो । सबै गोल पहिलो हाफमै भएका थिए । नेपालले दुईपटक पछि परेको अवस्थाबाट पुनरागमन गरेको थियो ।

खेलको छैटौं मिनेटमा म्याट नो किनले फ्रिकिकमार्फत सिधै गोल गरिन् । २५ यार्डबाट उनले फ्रिकिकमा शानदार गोल गरेकी हुन् । नेपाली गोलकिपर अन्जना राना मगरले भलि आएको बललाई जज गर्नै सकिनन् ।

११औं मिनेटमा सावित्रा भण्डारीको पासमा सबिता रानामगरले ट्याप इन गोल गर्दै खेल बराबरीमा ल्याइन् । १६औं मिनेटमा मे टेट नुले गोल गर्दै म्यानमारलाई पुन: अगाडि ल्याइन् । ४०औं मिनेटमा सावित्राले गोल गरेपछि पहिलो हाफ २-२ को बराबरीमा सकियो ।

खेलमा यीबाहेक दुवै टोलीले गोल गर्ने थुप्रै अवसरको सदुपयोग गर्न सकेनन् । यी दुवै टोली यसअघि नै फाइनलमा पुगिसकेका छन् । फाइनल खेल बुधबार हुनेछ ।

# निगमका दुइटै 'न्यारो बडी' विदेशमा थन्किए, यात्रु प्रभावित

काठमाडौं, ११ फागुन/ राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमका दुइटै 'न्यारो बडी' जहाज विदेशमा थन्किएका छन् । निगमसँग रहेको १ सय ५७ सिट क्षमतायुक्त दुई थान न्यारो बडी जहाजमध्ये एउटा साउदी अरबको दम्माम र अर्को चीनमा थन्किएका हुन् ।

युरोपेली जहाज निर्माता कम्पनी एयरबसमा निर्मित 'ए३२०-२००' सिरिजको '९एन-एकेएक्स' दर्ता नम्बरको निगमको जहाज आज आइतबार दम्माबाट काठमाडौं उड्ने क्रममा प्राविधिक समस्या देखिएपछि उतै 'ग्राउन्डेड' भएको हो ।

'जहाज उड्नुअघि नियमित चेक गर्ने क्रममा नोज ल्यान्डिङ गियरमा समस्या देखिएपछि ग्राउन्डेड गरेका छौं,' निगमका प्रवक्ता रमेश पौडेलले संचारकर्मीसँग भने, 'जहाज मर्मत गर्न साउदी एयरलाइन्ससँग कुराकानी भइरहेको छ ।'

त्यसैगरी नियमित मर्मत (सी-चेक) का लागि चीन गएको सोही सिरिजको अर्को जहाज आज काठमाडौं आउने तालिका भए पनि उतै रोकिएको पौडेलले जानकारी दिए । दर्ता नम्बर '९एन-एकेडब्लू' जहाजको मर्मत खर्च तोकिएको समयमा नभएपछि जहाज उड्न नपाएको उनले बताए ।

'हाम्रो जहाज मर्मत गर्ने कम्पनी चाइना साउदर्न एयर लाइन्सलाई मर्मत शुल्क भुक्तानीमा केही समय लागेकाले जहाज आउन पाएन,' प्रवक्ता पौडेलले भने, 'सम्भवत: अब दुवै जहाज भोलि सोमबारसम्म काठमाडौं आइपुग्ने छन् ।' दुइटै न्यारो बडीको उडान रोकिँदा साउदीबाट आउन लागेका यात्रु र काठमाडौंबाट यूएईको दुबई जानुपर्ने उडान रोकिएको पौडेलले बताए ।

उनका अनुसार साउदीमा रोकिएका केही यात्रुलाई स्थानीय होटलमा बास बस्ने व्यवस्था मिलाइएको छ भने केहीलाई अन्य एयरलाइन्सका टिकट काटेर काठमाडौं ल्याउने व्यवस्था भइरहेको छ । 'आइतबार र सोमबार दुबई जानुपर्ने यात्रुलाई भने अब सोमबार वाइड बडी जहाजबाट एउटै उडान मार्फत पठाउँछौं,' उनले भने, 'सकेसम्म व्यवस्थापन गरिरहेका छौं । अन्य गन्तव्यका उडानमा भने प्रभाव परेको छैन ।'

निगमसँग अन्तर्राष्ट्रिय उडान गर्न दुइटा न्यारो बडी र २ सय ७४ सिट क्षमतायुक्त दुई थान वाइड बडी गरी चार थान जहाज छन् ।

# लागूऔषधसहित भक्तपुरका दुईजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ मकवानपुर प्रहरीले ठूलो परिमाणमा लागूऔषधसहित दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भक्तपुरको चाँगुनारायण नगरपालिका-८ का २६ वर्षीय प्रेमप्रसाद दाहाल र २२ वर्षीय निकिता पुडासैनी रहेको मकवानपुर प्रहरीले जनाएको छ ।

उनीहरुलाई हेटौंडाबाट प्रहरीले पक्राउ गरेको हो । शनिबार बिहान सवा ९ बजे हेटौंडा-१५, रातोमाटेस्थित प्रहरी चेकपोष्टबाट उनीहरुलाई एक हजार एकसय ८९ ट्याब्लेट लागूऔषध नाइट्रोभेटसहित पक्राउ गरिएको प्रहरी कार्यालयले जनाएको छ । ना ६४ प ३१७६ नम्बरको स्कुटरमा प्रेम र निकिता बीरगञ्जबाट काठमाडौंतर्फ जाँदै गर्दा उनीहरुलाई रोकेर सुरक्षाजाँच गर्ने क्रममा प्रहरीले लागूऔषध बरामद गरेको जनाएको छ ।

उनीहरुलाई जिल्ला अदालत मकवानपुरबाट ७ दिनको म्याद थप गरी हिरासतमै राखेर अनुसन्धान गरिरहेको मकवानपुरका प्रहरीप्रवक्ता प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले बताए । प्रेम र निकिता लागूऔषध प्रयोगकर्ता हुनुका साथै लागूऔषधको कारोबार गर्ने गरी यति ठूलो परिमाणमा तस्करीको प्रयास गरेको देखिएको प्रहरीप्रवक्ता अर्यालले बताए ।

छिमेकी मुलुक भारतको सीमानाका रक्सौलबाट लागूऔषध प्रयोगकर्ता तथा कारोबारीले लागूऔषध तस्करी गर्ने गरेका छन् । रक्सौलबाट हेटौँडा हुँदै राजधानी काठमाडौंसहित देशका प्रमुख सहरमा लागूऔषध तस्करी हुने गरेको अर्यालले बताए ।

# २ सय ६२ औँ सेना दिवसको अवसरमा खेलकुद गतिविधि हुने

साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ महाशिवरात्रि तथा २ सय ६२ औँ सेना दिवसको अवसरमा मध्यपृतना मुख्यालय हेटौंडाले खेलकुद गतिविधिका साथै विविध सैनिक प्रदर्शनी आयोजना गर्ने भएको छ ।

फागुन १७ गते आयोजना हुने कायर्क्रममा खेलकुद लगायत वाकाथन, एड्भेन्चर रेस च्यालेन्ज र नेपाली सेना सम्बन्धी विविध प्रदर्शनी हुने मध्यपृतनाले जनाएको छ । हिड्नु र दौडनु, आफ्नो उत्कृष्टताको लागि मूलनारासहित वाकाथन, एड्भान्चर रेस च्यालेन्ज आयोजना गरिने भएको हो ।

५ किलोमिटर दूरीको वाकाथान प्रतियोगितामा नेपाली सेनाका साथै पत्रकार, नागरिक समाजलगायत सर्वसाधारणले पनि सहभागिता जनाउन पाउने बताइएको छ । सामरी ग्राउन्डमा हुने एड्भान्चर रेस च्यालेन्जमा विद्यालयको २० टिम, नेपाली सेनाको १४ टिम र गैरसैनिक ७ टिमको सहभागिता रहने बताइएको छ ।

दुबै विधामा प्रथम, द्वितीय र तृतीय हुने टिमलाई क्रमश: नगद २० हजार, १५ हजार र १० हजार रुपैयाँ प्रदान गरिने मध्यपृतनाले जनाएको छ ।

यसैगरी सोही दिन नेपाली सेनाको विविधपक्षका बारेमा सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले प्रदर्शनी समेत हुनेछ । नेपाली सेनाको इतिहास, सैनिक नागरिक सम्बन्ध, विकास निर्माण, विपद् व्यवस्थापन, राष्ट्रिय निकुञ्ज सुरक्षामा नेपाली सेनाको योगदान झल्कने प्रर्दशनी रहनेछ ।

# प्रधानन्यायाधीशकै नाममा नक्कली एक्स अकाउन्ट

काठमाडौं, ११ फागुन/ प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतको निजी सचिवालयले उनको कुनै एक्स अकाउन्ट नभएको प्रष्टीकरण दिएको छ । आइतबार अपरान्ह विज्ञप्ति जारी गरी राउतको निजी सचिवालयले प्रधानन्यायाधीशको नाम र फोटो प्रयोग गरिएको अकाउन्ट प्रधानन्यायाधीशसँग सम्बन्धित नभएको स्पष्ट पारेको हो ।

प्रधानन्यायाधीश राउतकै फोटो प्रयोग गरी 'मिस्टर प्रकाश नेपाल' नाममा अकाउन्ट खोलिएको भन्दै प्रधानन्यायाधीशको सचिवालयले त्यसलाई भ्रामक भनेको हो । उक्त अकाउन्ट सुप्रिमकोटएनपी को नामबाट सञ्चालित थियो ।

विज्ञप्तिमा भनिएको छ, 'हुँदै नभएको, कपोकल्पित र भ्रमात्मक विषयवस्तु ट्वीट एवं शेयर गरी सर्वोच्च अदालतको गरीमा र मर्यादा घटाउने तथा सम्माननीय प्रधान न्यायाधीशज्यूको व्यक्तित्वमा क्षयीकरण गराई न्यायपालिकाप्रति भ्रम सिर्जना गर्ने दुष्प्रयास गरेकोले सो ट्वीटमा उल्लेख भएको झुठो व्यहोरा प्रति विश्वास नगर्न सर्वसाधारण सबैमा अनुरोध गरिएको छ ।'

प्रधानन्यायाधीशको सचिवालयले उक्त खाता खोल्ने काममा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याउन अनुसन्धान गर्ने निकायलाई निर्देशन दिएको जनाएको छ । यसै महिना प्रधानन्यायाधीशको नामबाट खोलिएको अकाउन्टबाट १० दिनअघिदेखि विभिन्न सामग्री पोस्ट एवं शेयर हुँदै आएको थियो । ६८ वटा विषयवस्तु पोष्ट भएको उक्त खातामा झण्डै १२ हजार फलोअर छन् ।

कतिपय अनलाइनहरूले प्रधानन्यायाधीशको एक्स अकाउन्ट ह्याक भएको भनी समाचार प्रकाशित गरेपछि प्रधानन्यायाधीशको सचिवालयले विज्ञप्ति निकालेर त्यसको खण्डन गरेको हो ।

# शिवपुरी राष्ट्रिय निकुञ्जमा अलपत्र परेका १० जनाको उद्धार



काठमाडौं, ११ फागुन/ प्रहरीले शिवपुरी राष्ट्रिय निकुञ्जमा हाइकिङ गएर अलपत्र परेका १० जनाको उद्धार गरेको छ । प्रहरी प्रभाव बुढानीलकण्ठ, नेपाली सेनाको भवानी दल गण शिवपुरी र जिल्ला वन कार्यालयबाट खटिएको उद्दार टोलीले हराएका १० जनाको आइतबार विहान उद्धार गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी अपिलराज बोहोराले बताए ।

एसपी बोहोरका अनुसार भक्तपुरको सूर्यविनायक ६का १७ वर्षीय दर्शन सुवाल, दार्चुला घर भई भक्तपुरको लोकन्थली बस्रुने १६ वर्षीय बिहानअभि धामी, कास्की घर भई सानो भञ्याङ बस्रुने १८ वर्षीय विविक श्रेष्ठ, बाँके घर भई बबरमहल बस्रुने १७ वर्षीय विपिन आचार्य र मोरङ घर भई पेप्सीकोला बस्रुने १७ वर्षीय विवश बुढाथोकीको उद्धार गरिएको हो ।

यस्तै भक्तपुर ठिमी बस्रुने १७ वर्षीय दीपविजय खनाल, तारकेश्वर बस्रुने १७ वर्षीय चिन्तन तिवारी, सामाखुसी बस्रुने १७ वर्षीय गौरव पराजुली , कीर्तिपुर बस्रुने १७ वर्षीय भरत ओली र ललितपुर बस्ने १७ वर्षीय चिरात भट्टको सकुशल उद्धार गरिएको एसपी बोहोराले बताए । उद्धार गरिएका उनीहरूलाई आफन्तको जिम्मा लगाइएको प्रहरीले जनाएको छ ।

# हेटौंडा उपमहानगरपालिकामा मेगा किचेन सञ्चालन हुने




साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ हेटौंडा उपमहानगरपालिकामा मेगा किचेन सञ्चालन हुने भएको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले हेटौंडा उपमहानगर पालिका सहित ७ प्रदेशको ७ वटा पालिकामा मेगा किचेन सञ्चालन गर्न लागेको हो ।

शिक्षा तथा मानवस्रोत विकास केन्द्रका अनुसार हेटौंडासहित मोरङको विराटनगर महानगरपालिका, धनुषाको जनकपुर उपमहानगर पालिका, कास्कीको पोखरा महानगर पालिका, दाङको घोराही उपमहानगर पालिका, सुर्खेतको वीरेन्द्रनगर नगर पालिका र कैलालीको धनगढी उपमहानगरपालिकामा मेगा किचेन सञ्चालन हुनेछ । मेगा किचेन स्थापना र सञ्चालनसम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहलाई ५० लाखको दरले बजेट तथा कार्यक्रम पठाइएको मन्त्रालयले जनाएको छ ।

मेगा किचेन स्थापना कार्यसञ्चालन संहिता, २०८१ अनुसार गर्न केन्द्रले निर्देशन दिएको छ । मेगा किचेन भनेको स्थानीय तहभित्रका विद्यालयका विद्यार्थीलाई एकीकृत गरी खाजा खुवाउने कार्यक्रम हो । कक्षा पाँचसम्मका विद्यार्थीलाई उपलब्ध गराउने दिवाखाजालाई व्यवस्थित गर्न सरकारले मेगा किचनको अवधारणा लागू गरेको हो । दिवा खाजा कार्यक्रमलाई अझ प्रभावकारी बनाउन भन्दै सरकारले चालु वर्षको बजेटमार्फत् नै मेगा किचनको अवधारणा अघि सारेको हो ।

प्रारम्भिक बालविकास देखि कक्षा पाँचसम्मको बालबालिकालाई दिवाखाजाका लागि आठ अर्ब ३९ करोड बजेट विनियोजन गरिएको छ । मेगा किचनको लागि ८९ करोड बजेट विनियोजन गरिएको मन्त्रालयले जनाएको छ । दिवाखाजामा स्थानीय उत्पादनलाई नै उच्च प्राथमिकतामा राख्न पनि सरकारले निर्देशन दिएको छ ।

# झाँक्रीहरुको गुफा तपस्या सकियो



साझाकुरा संवाददाता

हेटौंडा, ११ फागुन/ हेटौंडा-१४ स्थित छोर्बा बोम्बो तथा डम्फुसेलो संस्था कालापानीका गुफा बसेका झाँक्रीहरु आईतवार बाहिर निस्किएका छन् ।

गत फागुन ५ गतेदेखि गुफा तपस्यामा बसेका झाँकीहरु एकहप्ता पछि आईतबार बाहिर निस्किएका हुन् । एकसाता तपस्यामा हरेका झाँक्रीलाई नगरप्रमुख मीनाकुमारी लामाले उनीहरुले प्रयोग गर्ने नयाँ पोशाक दिंदै बाहिर निकालेकी हुन् । सेले हाईकर बोन्को रिमठिम अनुसार सञ्चालन भएको गुफा बसेका झाँक्रीहरु एक कार्यक्रमको आयोजना गर्दै बाहिर निस्किएका हुन् । छोर्बा बोम्बो तथा डम्फुसेलो संस्था कालोपानी व्यवस्थापन समितिका अध्यक्ष ताराबहादुर बम्जनको सभाध्यक्षता भएको कार्यक्रममा हेटौंडा नगरप्रमुख लामाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रमको सम्बोधन गर्दै नगरप्रमुख लामाले सँस्कृतिलाई जगेर्ना गर्न झाँक्रीहरुको ठुलो योगदान रहेको बताइन् । ८० वर्षभन्दा माथिका नागरिक अझैपनि आफ्नो संस्कृति जोगाउन लागिपरेको भन्दै नगरप्रमुख लामाले धन्यवाद व्यक्त गरिन् । नेपालमा विभिन्न जातजाति बसोबास गर्ने सबैको आआफ्नै संस्कृति रहेको भन्दै नगरप्रमुख लामाले आफ्नो संस्कार आफैंले संरक्षण गर्नपर्ने बताइन् ।

उनले झाँक्री संघलाई आवश्यक सामग्रही उपलब्ध गराउने र संघले निर्माण गर्न लागेको डम्फुपार्क बनाउन उपमहानगरले सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरिन् । ५ गतेदेखि सुरु भएको गुफा तपस्यामा १० जना झाँकीहरु बसेका थिए । गुफामा बस्ने झाँकीले मन्त्र जपगरी तपस्या गरेका थिए । उनीहरुलाई भाँक्रीगुरु मदन थिङले प्रशिक्षण गराएका थिए । गुफा ध्यान बसेर निस्किएपछि झाँकीको गुरु भएको प्रमाणित हुने छोर्बा बोम्बो तथा डम्फुसेलो संस्थाका अध्यक्ष सार्कीमान हिमडुङले जानकारी दिए ।

संस्कृतिको जगेर्ना गर्न २०६९ सालमा स्थापना भएको संस्थाले पछिल्लो समय हेटौंडामा हुने हरेकजसो कार्यक्रममा झाँक्री नाच देखाउँदै आएका छन् । वडामा रहेका ४८ झाँक्रीमध्ये पहिलोचरणमा १० जनालाई गुफा राखिएको थियो । अब बाँकीलाई बिस्तारै ध्यानमा राखिने समितिले जनाएको छ ।

माघ १७ गतेदेखि सञ्चालनमा

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट** :
- घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
- नयाँ मोडलको गाडीहरु ।
- प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
- दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना